*प्रधान सम्पादक*

**संघनायक भिक्षु अश्वघोष महास्थविर**

४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ४२५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६२

नेपाल सम्बत् ११३९

इस्वी सम्बत् २०१९

बिक्रम सम्बत् २०७६

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**19th APRIL 2019**


| वर्ष- ३६ | अङ्क- १३ | ल्हुति पुन्हि | वैशाख २०७६ |
|---|---|---|---|


अहिले तिमी पहेंलो पात जस्तो भइसक्यौ । यमदूतहरू तिम्रो साम्‌ खडा छन्‌ । विनाशको खुड्‌किलामा खडा छौं, तिमीसँग बाटो खर्च पनि छैन ।

त्यसकारण तिमीले आफैंलाई द्वीप (रक्षास्थान) बनाउ, चाँडै कोशिस गरी पण्डित बन । मल रहित, काम रहित होऊ । अनि दिव्य आर्यहरूको पदमा पुग्ने छौ ।

अब तिम्रो आयु समाप्त भयो, यमराजका अगाडि पुगिसक्यौ, बीच बाटोमा तिम्रो निवास छैन, बाटो पनि छैन ।


Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# हार्दिक श्रद्धाञ्जली

मानिसको रूप अनित्य हो । जीर्ण हुँदै गई एकदिन चतुर्महाभूतमा विलिन भएर जान्छ । तर उनीहरूले गरेर गएका योगदानहरू, कीर्तिहरू र राम्रा बानी व्यवहार हरूको छाप समाजमा चम्किएर रहने गर्छ । त्यसैले भनिन्छ– 'रूपं जीरति मच्चानं नाम गोत्तं नजीरति'

मानिस जन्मिएपछि मृत्यु अवश्यम्भावी छ । 'अधुवं मे जीवितं धुवं मे मरणं' अर्थात् बाँच्न पाउनु अनित्य हो भने एकदिन मरेर जानुपर्ने नित्य हो । कसैले यसलाई उल्लंघन गर्न सक्दैन । किनभने यो प्राकृतिक नियम हो । यो शाश्वत सत्य हो । तैपनि हामी जस्ता सर्व साधारण मानिसले यसलाई स्वीकार्न सकिरहेका छैनौं । त्यसैले होला आफूलाई गुण लगाएर गएका व्यक्तिहरूको निधनले केही क्षण केही दिन भएपनि हाम्रो मनलाई शोकाकूल र विह्वल पारिदिन्छ ।

हुनत गत २०७५ सालमा हामीले थुप्रै प्रतिभाहरूलाई गुमाउन परेको छ । ती मध्ये हालसालै बुद्ध शासनसँग सम्वन्धित महान व्यक्तित्त्वहरू दो गुणवती गुरुमां (वर्मी नागरिक) र भिक्षु अश्वघोष महास्थविर (नेपाली नागरिक) दिवंगत हुनुभएको घटनाले धेरै मानिसहरूलाई मर्माहत पारेको देखिन्छ ।

२०७५ साल चैत्र १४ गते विहिवारका दिन दो गुणवती गुरुमां ९५ वर्षको उमेरमा वर्मामा दिवंगत हुनुभयो भने २०७५ साल चैत्र २२ गते शुक्रवार संघनायक भिक्षु अश्वघोष महास्थविर ९३ वर्षको उमेरमा Grandy International Hospital टोखामा उपचाररत क्रममा निधन हुनुभयो ।

हुनत उहाँहरूको निधन कुनै आश्चर्यपूर्ण घटना त पक्कै पनि होइन । प्राकृतिक नियमानुसार नै हुनपुगेको घटना हो । तैपनि उहाँहरूको योगदानको प्रभावले घटनाले यस विछोडलाई स्वीकार्न कठिन पाऱ्यो । जनमानसमा यस्तो अमीट छाप छोड्न साधारण व्यक्तिले सक्दैन ।

शासन धज धम्माचरिय, अग्ग महा गन्थ वाचक पण्डित दो गुणवती गुरुमांले आफ्नो जन्मथलो वर्मा त्यागी वि.सं. २०२० सालदेखि नेपालमा आई अनेक दुःख, कष्ट झेली बुद्ध शिक्षा भनेको के हो भन्ने पनि नजानेका नेपालीहरूलाई बुद्ध शिक्षा सिकाउने कार्यमा भिक्षुणी धम्मवती गुरुमांलाई ३५ वर्ष सम्म अटुट रूपले साथ दिई नेपाली जनमानसको मन जित्न सफल हुनुभयो । एउटी आमाले आफ्नो एक्लो सन्तानलाई जसरी माया ममता गर्छिन् त्यसरी नै नेपालीहरूलाई निःस्वार्थ पूर्वक माया गरेर मन जित्न सफल हुनुभयो उहाँ गुरुमां । त्यति मात्र होइन उहाँले बुद्ध शिक्षालाई प्रवचन दिएर होइन व्यवहवारमा प्रयोग गरी आदर्शमयी नारीको रूपमा चिनाउन सफल हुनुभयो । मंगल सूत्रमा ३८ वटा मंगलहुने कार्यहरूलाई भगवान् बुद्धले विश्लेषण गर्नुभएको छ । ती ३८ वटा मंगल कार्यहरू मध्ये धेरैजसो कार्यहरू दो गुणवती गुरुमांको व्यवहारले झल्काई राखेको देखिन्छ । त्यसैले दो गुणवती गुरुमांको जीवनलाई आदर्शमय जीवन भन्दा अत्युक्ति हुनेछैन । त्यसैले उहाँको आदर्शमयी वानी व्यवहारलाई हामीले सिक्नुपर्छ ।

यसरी नै नेपालका छैठौं संघनायक भिक्षु अश्वघोष महास्थविर नेपाल सरकारले बनाएको कुनै मर्यादा क्रममा नपरे पनि २४ गते आइतवार मन्त्रिपरिषद्को आकस्मिक बैठक बसेर उहाँको विशेष राजकीय सम्मानका साथ दाहसंस्कार गर्ने सरकारको निर्णयले उहाँको ज्ञानी र विद्वान प्रतिभाको कदर गरेको बुझिन्छ ।

भिक्षु अश्वघोषले बुद्ध धर्मको क्षेत्रबाट मुलुकलाई गरेको योगदानलाई यहाँनेर सरकारले कदर गरेको देखिन्छ । प्रधानमन्त्री स्वयंले उहाँप्रति अन्तिम श्रद्धाञ्जली अर्पण गरी राष्ट्रिय झण्डा ओढाउनु भएको थियो । यसरी राज्यले एक प्रतिभाशाली भिक्षुको योगदानलाई कदर गरेर बुद्ध जन्मभूमी नेपालका नेपालीलाई हौसला र सम्मान बढाएको बुझिन्छ ।

वि.सं. २०४७ साल देखि २०४९ सालसम्म राष्ट्रिय सभाको सांसद, वि.सं. २०५२ सालमा लुम्बिनी विकास कोषको उपाध्यक्ष हुनुभएका भिक्षु अश्वघोष नेपालको पहिलो बौद्ध मासिक पत्रिका आनन्दभूमीका सम्पादक रहिसक्नु भएको उहाँ धर्मकीर्ति बौद्ध मासिक पत्रिकाको हालसम्म पनि प्रधान सम्पादक नै हुनुहुन्थ्यो । नेपाल र नेपाली भाषामा गरी उहाँको करीब डेढसयवटा पुस्तकहरू प्रकाशित छन् ।

सन् २००२ सालमा उहाँलाई म्यानमार सरकारले अग्ग महा सद्धम्म जोतिकधज उपाधिले सम्मान गरिएको थियो ।

अन्त्यमा श्रद्धेय भिक्षु अश्वघोष महास्थविर लगायत श्रद्धेय दो गुणवती गुरुमां दुवै महान बौद्ध व्यक्तित्त्वहरूमा धर्मकीर्तिको हार्दिक श्रद्धाञ्जली ।



Downloaded from http://www.dhamma.digital

# लोक-भ्रान्ति

✍ सत्य नारायण गोयन्का

पाइथागोरस र आर्यभट्टले आ-आफ्नो वैज्ञानिक अनुसन्धान गरेर पृथ्वी चाक्लो नभई गोलो छ भन्ने घोषणा गरे । तब यसकुरालाई अस्विकार गर्दै अनेक वैज्ञानिकहरूले उनीहरूलाई मूर्ख भन्दै आ-आफ्नो तर्क पेश गरे कि आफ्नो आँखाले टाढा-टाढा सम्म चाक्लो देखिरहेको यस पृथ्वीलाई बल जस्तो गोलो छ भनेर कसरी मान्ने ?

त्यस्तै जब ग्यालिलीयोले पृथ्वी आफ्नो धुरीमा पनि घुम्छ त्यसैले सूर्य पूर्वबाट उदाएर पश्चिममा अस्त भएको जस्तो देखिनु भ्रम मात्र हो भने तर यस कुरालाई पनि त्यस समयका मानिसहरूले हाँसोमा उडाए कि बिहान सूर्य पूर्वबाट उदाएको र साँझ पश्चिममा अस्त भईरहेको देखिरहेका छौं भने त्यस कुरालाई कसरी मान्ने ? सूर्य र चन्द्रमाले पृथ्वीलाई परिक्रमा गरिरहेका छन्, पृथ्वी घुमेको होइन भन्ने तर्क लगाए । परन्तु केही समय पछि अन्य वैज्ञानिकहरूले पनि अनुसन्धान गरेर पृथ्वी आफ्नो धुरीमा घुम्ने कुरा सही हो भन्ने पत्ता लगाए । तब सबैले स्वीकार गरे ।

फेरि पनि त्यस समयमा र अहिले पनि मानिसहरू यसै भ्रान्तिमा छन् कि सूर्य र चन्द्रमा कुनै सर्वशक्तिमानको आज्ञामा उदय हुन्छ र अस्त हुन्छ । मलाई सम्झना छ कि म सानो हुँदा यस्तै ईश्वर भक्तिको गीत गाउने गर्दथें कि "सूर्य र चन्द्र कस्को आधारमा घुम्छ ?" म पनि यस्तै सोच्दथे कि कोही परमपिता परमात्माको कृपाले यी सूर्य चन्द्र घुम्दछन् ।

अनेक वैज्ञानिकहरूको अनुसन्धान कार्यले यो सत्य पुष्ट भयो कि सूर्य र चन्द्रमा घुम्ने होइन पृथ्वी आफ्नो धुरीमा घुम्दछ । अनेक वैज्ञानिकहरूको अनुसन्धानलाई अधिकांश मानिसहरूले स्वीकार गरे तापनि अझै पनि यस्ता मानिसहरू छन् जस्ले वैज्ञानिकहरूको यी अनुसन्धानलाई स्वीकार गर्दैनन् र यो कुनै सर्वशक्तिमान परमपिता परमात्माको इच्छाको आधारमा नै चलेको कुरामा विश्वास गर्दछन् ।

त्यस्तै वैज्ञानिक न्यूटनले आफ्नो अनुसन्धानले यस पृथ्वीको गुरूत्वाकर्षण शक्ति छ जुन एक ग्रह र अर्को ग्रहले आफू तर्फ तानि रहेको हुन्छ । यसकुरालाई पनि धेरैले स्वीकार गरेनन् । तर समय वित्दै गए पछि यस वैज्ञानिक अनुसन्धानलाई बुझ्दै गयो र मानिसहरूले नि स्वीकार गर्दै गयो ।

ठीक त्यस्तै प्रकारले अध्यात्म जगतको सर्वोच्च वैज्ञानिक तपस्वी सिद्धार्थ गौतमले जब प्रकृतिको यस सत्यलाई अनुसन्धान गरी खोजी पत्तालगाए, तब उहाँ स्वयं मुक्त हुनुभयो । कोही अरूको खोजले उहाँ मुक्त हुनु भएको होइन । उहाँले आफ्नो प्रत्यन द्वारा जब यस मुक्तिको खोज पत्तालगाएर जब आफू मुक्त हुनु भयो तब उहाँले उद्‌गार ब्यक्त गर्दै भन्नु भयो- "अनेक जाति संसारं संधाविस्सं अनिब्बिसं" अर्थात् म अनेक जन्म देखि यसै सत्यलाई खोज्दै यस संसार-चक्रमा घुम्दै रहें । मृत्यु पछि फेरि नयाँ जन्म दिएर हाम्रो नयाँ शरीर अथवा नयाँ घर बनाउने को हो ? त्यस घर बनाउने वालालाई खोज्दै खोज्दै म बार-बार यस दुःखमय जन्म लिंदै गएँ, त्यसैले उहाँले आफ्नो उद्‌गार ब्यक्त गर्दै भन्नुभयो ।

हामी तृष्णाको कारण नयाँ-नयाँ संस्कार बनाउँदै रहन्छौं तब सम्म हाम्रो पुनर्जन्म पनि भई नै रहन्छ । त्यसैले यही स्पष्ट भयो कि स्वयं हामी नै बार-बार आफ्नो लागि नयाँ-नयाँ जन्म, नयाँ-नयाँ घर बनाउँदै रहन्छौं, घर बनाईदिने अरू कोही नि छैन । घर बनाई दिने कोही परम शक्तिमान, परमात्मा छ भन्ने यो मिथ्या मान्यता, काल्पनिक मान्यता मात्र हो ।

आफ्नो अनुसन्धान द्वारा यस सत्यलाई अन्य मानिसहरूलाई देखाउँदै भन्नु भयो कि "आफू स्वयं आफ्नो मालिक हो, ऊ बाहेक अर्को मालिक कोही पनि छैन ।" "अत्ता हि अत्तनो नाथो, को हि नाथो परो सिया" । अनुसन्धानको यस सत्यलाई सुनेर मानिसहरूले पत्याएनन् ।

जब यस सर्वोच्च वैज्ञानिकले आफ्नो अध्यात्मको अनुसन्धान द्वारा यो कुरा पनि घोषणा गर्नुभयो कि "अत्ता हि अत्तनो नाथो, अत्ता हि अत्तनो गति" - तब त समाजमा भूकम्प आएको जस्तै भयो । हामीलाई सद्‌गति अथवा अधोगति दिलाउने त माथि आकाशमा बसिरहेको ईश्वरका प्रतिनिधि धर्मराज अथवा यमराज छन् । यो



Downloaded from http://www.dhamma.digital

कस्तो मान्यता कि उनको अस्तित्व पनि स्वीकार नगर्ने ? आफ्नो सद्‌गति र दुर्गति अथवा यी दुबै भन्दा पर जन्म-मरणको गति भन्दा पनि पर पुग्न हामी आफैले पुरूषार्थ गर्नु पर्ने ? अन्य कोही सर्वशक्तिमानको कृपाबाट केही नै नहुने ? त्यस समय पनि अनेक मानिसहरूको उही मान्यता थियो की त्यस परमपिता परमात्मको पूजा-अर्चना गरेर अथवा नाम जपेर उनलाई प्रसन्न गर्ने तब उस्ले हामीलाई यस भव सागरबाट मुक्ति दिलाउँछ। केही मानिसहरू आज पनि र त्यस समयमा पनि यस मान्यतालाई मान्दछन् कि "पुनरपि जन्मम्, पुनरपि मरणम्, पुनरपि जननी जठेर शयनम् ।" यस भव संसारबाट पार गर्नको लागि परमात्माको प्रार्थना गर्ने गर्दछन् । यस जन-मान्यतालाई पनि निरर्थक हो भन्ने कुरा सर्वोच्च वैज्ञानिक सम्यक सम्बुद्धले प्रमाणित गरे पछि धेरै मानिसहरूलाई चोट पुग्यो । सम्यक सम्बुद्धको यस कथनको आधार कुनै कल्पना थिएन, आफ्नो अनुभव द्वारा गरिएको अनुसन्धान थियो, प्रकृतिको यस नियमलाई उहाँले सबैसामू देखाई दिनु भयो। यस मान्यतालाई घोषणा गरेर एउटा नयाँ सम्प्रदाय खडा गर्ने उहाँको लक्ष्य थिएन ।

महान वैज्ञानिक तपस्वी सिद्धार्थ गौतमले आफ्नो अनुसन्धानको वर्णन गर्दै भन्नु भयो कि "पुब्बे अननुस्सुतेसु" मैले यो सत्यलाई खोजें जुन मैले पहिले कहिल्यै पनि सुनेको थिएन । उहाँले आफूले प्राप्त गरेको मार्गलाई आफैले अपनाएर हेर्नु भयो, आफ्ना संचित पूर्व कर्म-संस्कार सबै विनाश भयो र नयाँ संस्कार बनाउने तृष्णाको नितान्त क्षय भयो ? अब पुनर्जन्म कहाँ हुन्छ ? न कुनै पूर्व कर्म नै बाँकी थियो जस्ले नयाँ जन्म दिन सक्थ्यो, न कुनै तृष्णा बाँकी थियो जस्ले पुनर्जन्मको नयाँ संस्कार बनाउन सक्थ्यो । दुबैलाई नष्ट गरिसके पछि आफैले थाहा पाए कि अब मेरो पुर्नजन्म हुनेछैन, यो पनि थाहा पाए कि पहिले जुन अनेक पटक पुनर्जन्म भएको थियो ती पनि आफ्नो कर्म संस्कारको कारण नै भएको हो । मानिस अज्ञानवश तृष्णाको कारण नयाँ-नयाँ कर्म संस्कार बनाउँदै रहन्छ र पटक-पटक नयाँ जन्म लिंदै रहन्छ । यदि आफ्नो पूर्व संचित कर्म संस्कारलाई नष्ट गऱ्यो र नयाँ संस्कार बन्न दिएन भने "खीणं पुराणं, नवं नत्थि सम्भवं" तब पुनर्जन्म कसरी हुन्छ ? यस अवस्थालाई प्राप्त गरिसकेपछि नै सम्यक सम्वुद्धले घोषणा गर्नुभयो कि "अयं अन्तिमा जाति" यही मेरो अन्तिम जन्म हो "नत्थि दानि पुनब्भवोति" अब पुर्नजन्म हुने छैन ।

बुद्धद्वारा घोषित यस सत्यलाई स्वीकार नगर्नेहरू पनि अवश्य थिए होलान । तर सत्य त सत्य नै हो । सम्यक सम्बुद्धले प्रकृतिको यस अटूट नियमको सत्यलाई प्रकाशित गर्नु भयो जुन अन्ध मान्यता र अन्ध-श्रद्धा भन्दा नितान्त फरक थियो । यस महान खोजलाई, यस प्रकृतिको नियमको सत्यलाई अन्य अनेक ब्यक्तिले पनि आफ्नो अनुभव द्वारा सिक्न पावोस्, आफ्नो अनुभवले जान्न पाउन् त्यसैले उहाँले आर्य अष्टाङ्गिक मार्गलाई प्रतिपादन गर्न सिकाउनु भयो । यसै मार्गको अभ्यास गरेर पाँच जना तपस्वी साथीहरूले अरहन्त अवस्था प्राप्त गरे । अरिहन्त उसैलाई भनिन्छ जस्ले आफ्नो अरि अर्थात् कर्म-संस्काररूपी शत्रुहरूलाई जित्दछ । अरहन्त भए पछि ती पाँचजना साथिहरू पनि त्यसै अवस्थामा पुगे जहाँ पुनर्जन्म हुने छैन "नत्थि दानि पुनब्भवोति" । यस्तै नै अन्य पचपन्न जना ब्यक्तिलाई पनि भगवानले यही मुक्तिको मार्ग सिकाउनु भयो, जुन मार्गमा चलेर ती सबै आनार्यबाट आर्य बने पृथकजनबाट अरहन्त बने, भव-मुक्त बने ।

**कल्याण मित्र**
**सत्यनारायण गोयन्का**

*(साभार: 'विपश्यना' पत्रिका*
*बुद्ध वर्ष २५६२, २०७५ फागुन, वर्ष ३५, अङ्क ११)*

*क्रमश:*


## वर्तमान संघनायक- भिक्षु ज्ञानपूर्णिक महस्थविर
## संघ उपनायक- भिक्षु बोधिसेन महास्थविर

नेपालका भिक्षुसंघ समागम भई मिति २०७६ बैशाख १ गते आइतबारका दिन अखिल नेपाल भिक्षु महासघको प्रधान कार्यालय विश्व शान्ति विहारको प्रासाद सीमा गृहमा श्रद्धेय भिक्षु श्री ज्ञानपूर्णिक महास्थविर (विश्व शान्ति विहारका संस्थापक प्रमुख) लाई नेपालको सातौं संघनायकको रूपमा र श्रद्धेय भिक्षु श्री बोधिसेन महास्थविर (बोधि चर्या विहारका प्रमुख) लाई संघउपनायकको रूपमा संघकार्य विधिद्वारा प्रतिष्ठापन गरिएको समाचार प्राप्त भएको छ ।



Downloaded from http://www.dhamma.digital

# नेपालका छैठौं संघनायक भिक्षु अश्वघोष महास्थविर



**श्रद्धेय संघनायक भिक्षु अश्वघोष महास्थविर**
**ने.सं. १०४७ – ने.सं. ११३९**

नेपालका स्थविरवाद बुद्धधर्म प्रचारप्रसार भई पुनर्जागरणको इतिहास सँगसँगै देखिएका भिक्षुहरू मध्ये एक श्रद्धेय भिक्षु अश्वघोष महास्थविर हुनुहुन्छ। उहाँले प्रव्रजित जीवनयापन गर्नुभएको ७ दशक नाघिसकेको छ। नेपालका छैठौं पूज्यपाद संघनायक पदमा संघउपनायक भिक्षु अश्वघोष महास्थविरलाई विनयकर्मपूर्वक नेपाली भिक्षु महासंघका सदस्यहरूले संघसम्मतिसहित ज्ञप्तिकर्मद्वारा एक धार्मिक विधि “संघनायककोपतिट्ठापन” विधिपूर्वक वि.सं. २०६८ आश्विन १४ गते शनिवारका दिन नेपालका छैठौं पूज्यपाद संघनायक भनी पदस्थापन गरेका हुन्। वि.सं. २०६३ जेठ २ का दिन नेपालका चतुर्थ संघनायक भिक्षु सुबोधानन्द महास्थविरको निधनपश्चात् भिक्षुसंघले संघसमागमबीच सुमङ्गल विहारको सीमागृहमा संघकर्म गरी संघनायकोपतिट्ठापनविधिपूर्वक २०६३ जेठ २४ गते संघउपनायक भिक्षु बुद्धघोष महास्थविरलाई “नेपालको पाँचौ पूज्यपाद संघनायक” का रूपमा प्रतिस्थापन गरिएकै बेला भिक्षु अश्वघोष महास्थविरलाई संघउपनायक पदमा पदस्थापन गरिएको थियो। हाल काठमाडौं ढल्कोस्थित संघाराम विहार तथा बनेपाको ध्यानकुटी विहारमा निरन्तर आवासीय रूपमा बस्दै आउनुभएका नेपालका पूज्यपाद छैठौं संघनायक भिक्षु अश्वघोष महास्थविर ९३ वर्षको हुनुहुन्छ।

ललितपुर ओकुबहाल निवासी आमा लक्ष्मीमाया शाक्य र पिता चन्द्रज्योति शाक्यको कोखबाट बि.सं. १९८३ (ने.सं. १०४६) मा जन्मिएका बुद्धरत्न शाक्यलाई झण्डै १६ वर्षको उमेरमै धर्माध्ययनको लागि भिक्षु धर्मलोक र भिक्षु अमृतानन्दलाई जिम्मा लगाइयो। पछि सन् १९४४ मा कुशीनगरमा उ चन्द्रमनि महास्थविरको उपाध्यायत्वमा तथा भिक्षु अमृतानन्दको आचार्यत्वमा श्रामणेर अश्वघोष नामले प्रव्रजित हुनुभयो। आमा लक्ष्मीमाया शाक्यको प्रेरणाले प्रव्रजित भएका उहाँ आचार्य महानायक डा. भिक्षु अमृतानन्द महास्थविरका प्रथम शिष्य हुन्। श्रामणेर प्रव्रज्यालगत्तै प्रसिद्ध भारतीय भिक्षु धर्मरक्षित सँगै पालि र हिन्दी भाषा सिकी उहाँ केही महिनापछि दक्षिणी श्रीलंकाको मातरमा अवस्थित महमहिन्द्र परिवेण (तालिम केन्द्र) मा अध्ययन गर्नुभयो। सोही परिवेणका प्रधानाचार्य धर्मकीर्ति श्री धम्मावास नायक महासथविरको उपाध्यायत्त्वमा १ मई १९४९ का दिन उपसम्पदा दीक्षा प्राप्तगरी पूर्ण भिक्षु हुनुभयो। ८ वर्षपछि अर्थात् बि.सं. २००८ सालमा अग्रश्रावक सारिपुत्र र मौदगल्यायनको पवित्र अस्थिधातु नेपालमा दर्शनार्थ ल्याइएको अवसरमा निमन्त्रित व्यक्तित्वको रूपमा भिक्षु अश्वघोष नेपाल फर्कनुभयो। उहाँसँगै आनन्दकुटी विहारको सीमाग्रहमा २००८ कार्तिक महिनामा उपसम्पदा दीक्षाप्राप्त भिक्षु कुमार काश्यप पनि श्रीलंका जानुभयो। केही वर्षपछि भिक्षु अश्वघोष भारतमा फर्किनु भई



Downloaded from http://www.dhamma.digital

एस.एल.सी अध्ययन गर्द रहँदा परीक्षाकै समयमा ४ फागुण २००९ का दिन उहाँका माता लक्ष्मीमाया शाक्य परलोक भएको समाचारले उहाँलाई परीक्षाकै समयमा दुःखित तुल्याइदियो । उहाँले सारनाथ–बनारसमा बस्नुभई एस.एल.सी देखि बि.ए. सम्म अध्ययन गर्नुभयो र टि.बि. रोगका कारण अध्ययन पूर्ण गर्न सक्नुभएन । उपचार्थ उहाँ पेकिङ्ग (बेइजिङ्ग) जानुभयो । केही वर्ष उतै बस्नुभयो । त्यहाँ चिनियाँ नेता माओत्से तुङ्गको सांस्कृतिक क्रान्तिपछि विकास कार्यमा दूतगतिमा अगाडि बढिरहेको तत्कालीन चिनीया जनता र कम्युनिष्ट शासनबाट भिक्षु अश्वघोष अत्यन्त प्रभावित भए । चीनबाट फर्किसकेपछि आनन्दकुटी विद्यापीठमा झण्डै १० वर्ष सेवा गर्नुभयो । आनन्दकुटी विद्यापीठका सुपरिवेक्षक समेत हुनुभयो । उहाँले विभिन्न मुलुकहरूको भ्रमण तथा सम्मेलनहरूमा भाग लिन जानुभयो । २०२९ साल घटस्थापनाका दिन आनन्दकुटी विहार गुठीको स्थापना भएपछि भिक्षु अश्वघोषले न्हुच्छे बहादुर वज्राचार्य र वटुकृष्ण "भूषण" संग सहकार्य गरी "आनन्दभूमि"बौद्ध मासिकको सम्पादक हुनुभयो । उहाँले "आनन्दभूमि" मा सम्पादक, प्रधान-सम्पादक भई २० औं वर्ष सेवा गर्नुभयो । यसरी नै धर्मकीर्ति विहारबाट प्रकाशित हुने "धर्मकीर्ति" मासिकमा पनि उहाँ शुरूवातदेखि वर्तमानसम्म प्रधान सम्पादकको रूपमा सेवा गरिरहनुभएको छ । साथै उहाँले बुद्धधर्म र दर्शन सम्वन्धी स-साना ८० भन्दा बढी पुस्तक प्रकाशन गरिसक्नुभएको छ ।

हाल बनेपास्थित ध्यानकुटी विहार र संघाराम विहारमा बस्नुहुने भिक्षु अश्वघोष महासथविरले बनेपास्थित दछुटोलमा "ध्यानकुटी विहार" २०२८ सालमै निर्माण गर्नुभएको थियो । २०३८ सालमा भिक्षु मैत्रे, दिवंगत द्वारिकादास श्रेष्ठ र उपासिका दिवंगत अनागारिका धर्मरक्षिता (रत्नमाया शाक्य) को सहयोगले क्षेत्रपाटी-ढल्कोमा "संघाराम भिक्षु तालिम केन्द्र" स्थापना गरी नेपालको पुनर्जागरित बुद्धशासनमा पहिलोपटक श्रामणेर-भिक्षु तालिम केन्द्रको प्रारम्भ गर्नुभयो । उहाँकै शब्दमा भन्नुपर्दा उहाँको तालिम मिशन सोचेझैं सफल हुन नसकेपछि ध्यानकुटी विहारमा पनि तालिम केन्द्रलाई निरन्तरता दिने प्रयास भएको थियो । वर्तमान नेपालमा सबैभन्दा बढी शिष्य हुने उहाँ श्रद्धेय भन्तेका शिष्यहरू अधिकांश श्रीलंकाबाट अध्ययन गरेका छन् । अहिले उहाँका शिष्यहरूले सक्दो बुद्धशासनिक क्षेत्रमा क्रियाकलापहरूलाई अगाडि बढाइराखेका छन्, जुन उहाँको लागि धर्मप्रीतिको विषय भएको छ ।

नेपालका ४६ सालको जन आन्दोलनपछि एमालेबाट माथिल्लो सदन । राष्ट्रिय सभामा पनि दुई वर्ष माननीय हुनहुने जहाँ एमालेकै नौ महिना शासनमा लुम्बिनी विकास कोषका उपाध्यक्ष हुनुभयो भने उहाँले धर्मोदय सभाका सम्मानित अध्यक्ष पदभार सम्हालिसक्नु भएको छ । सन् २००० मा म्यानमार सरकारबाट "अग्गमहासद्धम्मजोतिकधज" पद्वीद्वारा विभूषित उहाँले प्रव्रजित-श्रामणेरहरूलाई तालिम गर्दै धेरै अनुभव सँगाल्नु भएको छ । नेपालभाषा परिषद् काठमाडौंले ने.सं. ११२८ को भाषाथुवाः मानार्थ उपाधिले सम्मानित गरिएको थियो ।

स्मरणीय रहोस्, वर्तमान नेपालका पूज्यपाद संघनायक भिक्षु अश्वघोष महास्थविर र आचार्य भिक्षु कुमार काश्यम महास्थविरको ७७ औं वर्ष प्रवेशको उपलक्ष्यमा सुखी होतु नेपालले भव्यताका साथ वि.सं. २०६० मा ऐतिहासिक रूपमा १११ जनालाई सप्ताहिव्यापी दुर्लभ शतकुलपुत्र प्रव्रज्या समारोह सफलतापूर्वक आयोजना गरिएको थियो । उहाँको ५० औ प्रव्रजित दिवसको अवसरमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले विविध धार्मिक, सामाजिक गतिविधिको संचालन गरेको थियो ।

बुद्धधर्मसम्बन्धी साना ठूला झण्डै १५० पुस्तक लेखेका, सरल एवं व्यावहारिक धर्मदेशक, स्पष्ट वक्ता उहाँ नेपालका पूज्यपाद नेपालका छैठौं संघनायक अश्वघोष महास्थविर २०७५ चैत्र २२ गते दिउँसो १:३० बजे उपचाररत अवस्थामा ग्राण्डी इन्टरनेशन हस्पिटल, टोखामा निधन हुनुभयो । ■ *प्रस्तुति- **कोण्डन्य***

### ध्यानकुटी विहार तथा मैत्री केन्द्र लाई सहयोग

**१) दिलमाया मानन्धर, कोसाल टोल, बेनपा-८ बाट रु. १०,०००/-**
**२) केश चन्द्र शाक्य, बनेपाबाट रु. ५००/-**
**३) स्नेह, अकिताबाट रु. ५००/-**
**४) मेनुका, बनेपाबाट स्व. द्वारिक डंगोलको पुण्यस्मृतिमा रु. २३०/-**



Downloaded from http://www.dhamma.digital

# बुद्ध पुत्री दो गुणवती गुरूमां

✍ वीर्यवती

**अत्तना चोदयंत्तानं पटिमासे अत्त मत्तना**
**सो अत्तगुतो सतिमा सुखं भिक्खु विहाहिसि**

*– धम्मपद गाथा नं. ३७९*

अर्थात्– आफूलाई आफैंले प्रेरणा दिने, आफूलाई आफैले परीक्षा गर्ने आत्मसंयमी र स्मृतिवान भिक्षुले सुखपूर्वक जीवन बिताउँछ ।

९५ वर्ष मनुष्य लोकमा रहनुभएकी बर्मी नागरिक दो गुणवती गुरूमांले माथि उल्लेखित बुद्ध-वचनलाई पालन गर्नुहुँदै आफ्नो जीवन सार्थक पार्नुभएको छ । फलस्वरूप उहाँ बुद्ध पुत्री बन्न सफल हनुभएको छ ।


आजभन्दा ५६ वर्ष पहिला धम्मवती गुरूमांसंग धर्म प्रचारार्थ वर्मा (म्यानमार) देशबाट नेपाल आउनु भएकी दो गुणवती गुरूमांको धर्मप्रचार गर्ने शैली भिन्न प्रकारको देखिन्छ । आफ्नो मातृ भूमी म्यानमारमा बुद्ध शिक्षा अध्ययन गर्नुभई यस शिक्षाको माध्यमबाट उहाँले पहिला आफूलाई परीक्षा गर्दै आत्म संयमी र शिक्षित बन्नुभयो। त्यसपछि आफ्नो सदाचारी प्रेरणायुक्त स्वभावले अरूलाई प्रभाव पार्नुभयो ।

त्यस समय धेरैजसो नेपालीहरू भगवान् बुद्धको महत्त्व र उहाँको शिक्षाको ज्ञान नपाएका कोरा बिचारका थिए । उहाँले तिनीहरूलाई धर्मदेशना (उपदेश) को माध्यमबाट भन्दा पनि उहाँको धर्मानुकुलको राम्रो बानी व्यवहार प्रयोग गर्नु हुँदै धर्मप्रचार गर्नुभएको देखिन्छ । अरूको दोष भन्दा अलिकति भएपनि गुण पत्ता लगाउन सक्षम दो गुणवती गुरूमां सबैसंग मित्रता गाँसी मेलमिलापपूर्वक रहन शिपालु हुनुहुन्छ । त्यसैले उहाँले समूहमा रहनुहुँदा "समग्गानं तपो सुखो" अर्थात् एक आपासमा कलह होइन मिलिजुली बस्न सक्नु नै स्वर्ग स्वरूपको सुख हो भन्नुहुन्थ्यो ।

धर्मकीर्ति विहारमा रहनु हुंदा उहाँले भन्नुभएको एक वाक्य यहाँ स्मरण गर्न चाहन्छु –

"अरूको घरमा पाहुनाको रूपमा रहँदा हामीले आफूलाई पाहुना सत्कार गर्नुहुने महानुभावलाई आफूले सक्दो मैत्री पूर्वक सेवा र सहयोग गर्नु हाम्रो कर्त्तव्य हो । जसले गर्दा उहाँहरूलाई हामी वोझको महसूस हुनेछैन ।"

यही गुणले सम्पन्न हुनुभएकी दोगुणवती गुरूमां वर्मी पाहुनाको रूपमा नेपालको जुन विहारमा रहनु भएपनि त्यहाँका धेरैजसो व्यक्तिले उहाँलाई पाहुनाको रूपमा भन्दा पनि आफ्नै जन्मदाता आमालाई जस्तै व्यवहार गरेको पाउँछौ । ( *क्रमशः ९ पेजमा* )




**दिवंगत दो गुणवती गुरूमां**



Downloaded from http://www.dhamma.digital

# भिक्षुणी अनागारिका दो गुणवती

✍ लोचनतारा तुलाधर



नेपालमा थेरवादी बुद्ध धर्मको पुनरूत्थान गर्ने कार्यमा सक्षम तथा धम्मवती गुरूमांलाई बलियो साथ दिने नारी हुनुहुन्छ, बर्मी नागरिक दो गुणवती गुरूमां। धम्मवती गुरूमां बर्मामा बुद्ध धर्मको उच्च अध्ययन सिध्याएर नेपालमा धर्मप्रचार गर्न आउँदा उहाँले एक सहकर्मीको आवश्यकता महसूस गरी अत्यधिक सहन शक्ति भएकी धैर्यवान् गुणवती गुरूमांलाई रोज्नु भयो।

बर्माको मुदौ राज्यको कोबरां भने गाउँमा सन् १९२४ दिसेम्वरमा पिता उ मे र माता दो अे त्येङ्को कोखबाट गुणवतीको जन्म भयो। सानैदेखि सेवा भाव भएकी गुरूमांको परिवारमा उहाँको बज्यै पनि पछि अनागारिका हुनुहुन्थ्यो। १२ वर्षको उमेरमा सन् १९३६ मा मोलमिन सहरको भङ्गु च्याउँ विहारमा अनागारिका द्वय दो केसा र दो वंसाचारी गुरूमांहरूद्वारा प्रव्रज्या ग्रहण गर्नुभयो। चारवर्ष सम्म उहाँले वर्माका वरिष्ठ गुरूमांहरूसंग अध्ययन गरिसकेपछि सन् १९४० मा सतिपट्ठान ध्यान गुरूमां दो. कुशलाचारी कहाँ अध्ययन गरी ध्यान भावना अभ्यास गर्नुभयो। सन् १९४२ मा मोलमिनको खेमाराम नन्स स्टडिज सेन्टरमा प्रवेश गर्नुभयो। त्यहींबाट उहाँले बुद्ध धर्ममा उच्च अध्ययन धम्माचरिय पास गर्नुभयो। त्यहीबाट उहाँले बुद्धधर्म उच्च अध्ययन धम्माचरिय पास गर्नुभयो। खेमाराम नन्स स्तडिज सेन्टरमा पढ्दा पढ्दै उहाँको भेटघाट धम्मवती गुरूमां संग भएको हो। मा गुणवती गुरूमां सहित अन्य वर्मेली गुरूमांहरू र धम्मवती गुरूमां संग कुराकानी हुँदा नेपालबारे सोधनी हुन्थ्यो। नेपालका बौद्ध भएर पनि बुद्धधर्म अध्ययन गर्ने अवसर नभएको जातपातको विभेद, पुरूष प्रधान समाजका कारण महिलाहरू शिक्षाबाट वञ्चित भएको अवस्था सुनेर बर्मेली गुरूमांहरू छक्क पर्थे। छोरा र छोरीलाई समान व्यवहार गर्ने चलन भएको समाज, बुद्ध शिक्षाको लागि ठूल्ठूला शिक्षालय, प्रव्रजितहरूको आधारभूत सुविधा भएको विहार आदि वर्माको अवस्थाले नेपाल धेरै नै तल्लो दर्जामा पर्छ कि भन्ने त्यहाँका मानिसहरूले अडकल लगाउँथे। तर मागुणवती गुरूमांले नेपाली महिलाको स्थिती सुनेर असीम करूणाभरी दृष्टिले हेर्ने गर्नुहुन्थ्यो। जब धम्मवती गुरूमांले आफ्नो अदम्य साहस बोकी नेपालमा धर्मप्रचार गर्न मागुणवती गुरूमांलाई प्रस्ताव राख्नुभयो, तब उहाँले सहर्ष स्वीकार गर्नुभयो। प्रतीकूल धार्मिक समाजिक अवस्था भाषा र खानपान नमिल्ने कुरा आदि केहीको पनि परवाह नगरी मा गुणवती गुरूमां नेपाल आउनु भयो।

वि.सं. २०२० आश्विन ३ गते मागुणवती गुरूमां, धम्मवती गुरूमां र रत्नमञ्जरी गुरूमां सहित नेपाल आउनुभयो। नेपाल आगमन पछि गाँसवासको समस्या झेल्दै धमेकीर्ति विहारको स्थापना (वि.सं. २०२२) पछि धर्मप्रचार र अन्य कृयाकलापहरू द्रुतगतिले अघि बढ्यो।

मा गुणवती गुरूमां नेपालको विशेष गरी नेवार समाजमा भिज्दै जानुभयो। नेपाली खानाको पनि बानी पर्न थाल्यो। भाषा सिक्दै जानु भयो। धम्मवती गुरूमां संगसंगै प्रवचन दिने ठाउँमा जानुभयो। मा.गुणवती गुरूमां प्रवचन, उपदेश दिने कमै गर्नुहुन्छ। तर शील आचरणद्वारा एक बौद्धको परिभाषा व्यापक रूपमा दिनुहुन्छ। मैत्री, करूणा, सहनशीलता अधिक मात्रामा भएकी उहाँ चुलाचौका खाना बनाउने र हस्तकलामा पोख्त हुनुहुन्छ। उहाँले नै धर्मकीर्ति विहारमा विभिन्न



Downloaded from http://www.dhamma.digital

हस्तशिल्प कलाको तालिम दिनुभयो । कागज र कपडाको फूल बनाउने, फेब्रिक पेन्ट गर्ने, तितौरा बनाउने आदि तालिम दिनुभयो । त्यसताका नेपाली बजारमा हस्तकलाका सामानहरू त्यति किन्न पाइँदैनथ्यो । त्यसैले कपडा र कागजका फूलहरू अत्यन्तै सुन्दर र सबैले मन पराउँथे । युवाहरू पनि गुरूमांसित प्रशिक्षण लिन झुम्मिने गर्थे । बुद्ध वचन– "शिल्प विद्या सिक्नु पनि मंगल हो ।" भन्ने कुरालाई मनन गरी मा गुणवती गुरूमांले उपासक उपासिकाहरूलाई उद्योगी बन्न प्रोत्साहन गर्नुभयो । ठूलो संख्यामा भोजनको आयोजना हुँदा मा गुणवती गुरूमांको उपस्थितीमा भिक्षुहरू तथा अनगारिकाहरूलाई समयमा व्यवस्थित रूपमा भोजन गराउन सकिन्छ । ठूलो सानो काम नभनी आफै जुट्ने उहाँको ठूलो विशेषता हो ।

विलक्षण प्रतिभाकी धनी मा गुणवती गुरूमांले नेपाल आएको पाँच वर्ष पनि नबित्दै नेपाल भाषा र देवनागरी लिपि सिकी वि.सं. २०२५ सालमा वासेट्ठी थेरी नामक पुस्तक लेखी प्रकाशनमा ल्याउनु भयो ।

वि.सं. २०४४ सालमा मा गुणवती गुरूमां प्रव्रजित भएको ५० वर्ष तथा नेपाल आगमनको २५ वर्ष र ६४ औं जन्म दिनको उपलक्ष्य पारी धर्मकीर्ति विहारले सुवर्ण रजत उत्सव मनायो । यसै उपलक्ष्यमा उहाँले नेपाल भाषामा "नेपालय् २५ दँ जिगु लुमन्ति" नामक पुस्तक लेखेर प्रकाशनमा ल्याउनु भयो ।

नेपालका लागि धर्मदूत भएर वर्माबाट आउनु भएकी मा गुणवती गुरूमा ३५ वर्ष नेपालमा वसोबास गरेपछि वि.सं. २०५९ मा स्वदेश फर्किनुभयो । तर उहाँको मनमा नेपाली प्रति माया–ममता जस्ताको तस्तै छ । उहाँ बेलाबखत नेपाल आवतजावत गरिरहनु हुन्थ्यो ।

स्मरणिय छ, मा गुणवती गुरूमांको नेपाल र नेपाली प्रतिको अविस्मरणिय देनप्रति कृतज्ञता पोखी वि.सं. २०६१ मा उहाँको ८० औं जन्मदिनको उपलक्ष्यमा धर्मकीर्ति विहारमा भव्य सम्मान कार्यक्रमको आयोजना गरिएको थियो ।

आजीवन बुद्ध शिक्षा प्रचार प्रसारमा लाग्नु भएकी दो. गुणवती गुरुमां वि.सं. २०७५ साल चैत्र १४ गते दिवंगत हुनुभयो । उहाँको अमूल्य योगदानलाई स्मरण गर्दै उहाँको सुगति र निर्वाण कामना गर्दछु । ■

( क्रमशः ७ पेजबाट )

## बुद्ध पुत्री दो गुणवती गुरूमां

यसरी आफ्नो सहनशील, निरभिमानी, मृदुभाषी, ममतामयी, एवं मैत्रीपूर्ण व्यवहार प्रयोग गर्नुहुँदै उहाँले ३५ वर्षसम्म धम्मवती गुरूमांलाई धर्मप्रचार कार्यमा निरन्तर रूपले सहयोग गर्नुभयो । उहाँलाई एकपटक भेटेका धेरैजसो व्यक्तिहरू उहाँको निस्वार्थपूर्ण व्यवहार र चतुर्ब्रह्म विहार गुण (मैत्री, करूणा, मुदिता र उपेक्षा) बाट प्रभावित भई भाव विह्वल भएको नै पाउँछौ ।

त्यसैले भगवान बुद्ध भन्नुहुन्छ–

**"न तेन पण्डितो होति यावता बहु भासति खेमी अवेरी अभयो पण्डितो ति पवुच्चति"**

*– धम्मपद गाथा नं २५*

अर्थात्– धेरै बोल्न शिपालु हुँदैमा पण्डित बनिन्दैन । जो व्यक्ति क्षमाशील, अवैरी र भयरहित छ, उसलाई नै पण्डित भनिन्छ । दो गुणवती गुरूमांसंग पनि माथि उल्लेखित गुणहरू समावेश भएको पाउँछौ । त्यसैले हामीले उहाँलाई पण्डित दोगुणवती गुरूमांको रूपमा लिन सक्छौं ।

धेरैजसो समय भान्छाको कार्यमा विताई खाना तयार गर्ने र अरूलाई मैत्रीपूर्वक खाना खुवाउन रमाउनु हुने दो गुणवती गुरूमां अरूको उपकार र सहयोग गर्ने कार्यमा दत्तचित्त रहनु हुन्छ । त्यतिमात्र होइन उहाँले आफ्नो फुर्सदको समय विहारको सरसफाई कार्यमा विताउने गर्नुहुन्छ । सफाई कार्य गर्नुहुँदै उहाँले यसरी भन्नुहुन्थ्यो–


"जसरी हामीले यी वाहिरका फोहर मैलाहरू बटुली फाल्छौं, त्यसरी नै हामीले आ-आफ्नो मन भित्रका क्लेशहरू, नराम्रा बानी व्यवहारहरूलाई फाल्न सक्नुपर्दछ । यस्तो गर्न सके मात्र विस्तार विस्तारै हामीले आफ्नो मनलाई निर्मल र स्वच्छ पार्न सक्नेछौं ।

बहुश्रुत र शील्प विद्याकी धनी दो गुणवती गुरूमांले भगवान बुद्धले बताउनु भएनुसार आध्यात्मिक सुख प्राप्त गर्ने मार्गमा बढि लाग्नु भएको देखिन्छ । सो अनुसारको फल पनि प्राप्त गर्दै भाग्यमानी बन्नुभएकी दो गुणवती गुरूमांको आदर्शलाई हामीले पनि अनुशरण गर्न सकौं । उहाँले जस्तै मानसिक सुख र सन्तुष्टी प्राप्त गर्न सकौं । उहाँ जस्तै सही रूपमा बुद्ध पुत्र पुत्री बन्न सकौं । यस कार्यले मात्र दो गुणवती गुरूमांप्रति सच्चा श्रद्धाञ्जली अर्पण गरेको ठहरिने छ । ■



Downloaded from http://www.dhamma.digital

# मां गुणवती



मा.गु.ण.को एक जना गृह त्यागी वर्मी नारीको नाम हो। उहाँले आफ्नो नाम व्यवहार वाँच्दै सार्थक सिद्व गरेकी छिन्। उहाँको परिचय दिनु आफ्नो क्षमताले भ्याउला जस्तो लाग्दैन। तर जति जानेको छ त्यतिले नै समाजको लागी प्रेरणा स्रोत बन्न सकिन्छ भनी ठानेको छुँ। मा.गु.ण (न) को व्यवहारीक अर्थ महान गुणको नमूना भनि ठानेको छुँ।

उहाँको गुणलाई बुद्ध वचन कै एक श्लोक वाट बुभ्न प्रयास गर्न सकिन्छ।

**"माता यथा नियं पुत्तं आयुसा एक पुन्तमनुरक्खे**
**यवम्पि सव्व भूतेसु मानसं भावये अपरिमाणं"**

यसको भावार्थ हो, आमाले आफ्नो एकलो छोरालाई जति माया-गर्ने हो, त्यतिकै माया सबै प्राणीमा वाँड्न सक्नु मानव धर्म मै अनन्त गुण हुन्।

(१) यसमा बुद्ध गुण लुकेको छ, बुद्धले दैनिक रूपमा महा करूणा ध्यान समापत्तिबाट अवलोकन गरी ठूलै गलतीको वाटो परिसकेको व्यक्तिलाई करूणा गरी सही वाटोमा ल्याउने प्रयास गरेको पाइन्छ।

(२) यसमा धर्म गुण लुकेको छ, धर्मको अभिप्राय नै मानिसहरूलाई सही वाटो देखाउने हो। यसलाई मार्ग सत्य भनिन्छ; बुद्धले आर्य अस्टांगित मार्ग भनि शान्तीको लागी नभै नहुने आठ वटा मार्ग देखाएको छ। त्यस मध्य सवैभन्दा वढी आवश्यक भै पहिलो नम्वरमा जनाएको मार्ग सम्मादिट्ठी हो; सम्मादिट्ठीको अर्थ सही वाटो पहिल्याउन सक्नु हो; आफ्ना ६ वटा इन्द्रीयहरूलाई आफ्नो कावुमा राख्न सक्नु नै सही मार्ग पहिल्याउन सक्नु हो। वर्तमान अवस्थामा आफ्नो मनले के गर्न चाहेको छ त्यसलाई होश गरी थाहा पाउनु नै सहि मार्ग हो। यहि अवस्थामा मात्र मनलाई खराव काम गर्न रोकी असल काम गर्न प्रेरणा दिन सकिन्छ।

(३) यसमा सत्य गुण लुकेको छ; बुद्धले् संघलाई दिएको पहिलो निर्देशन यो हो; भिक्षुहरू सकेसम्म धेरै ठाउँमा फैलिएर जाउ; मानिसहरूलाई सहि वाटो देखाउने प्रयत्न गर; सही वाटोको ज्ञान वलपूर्वक थुपार्न सक्दैन; आमाले छोरालाई सम्झाउने तरीका अपनाई, भिक्षुहरूले मीनसहरूलाई यहाँ आऊ सत्य कुरा आफ्नै अनुभव वाट जानकारी गर; भनि संम्भाएर मात्र मानिसहरूलाई सही वाटोमा दोऱ्याउन सकिन्छ। असल कामको फल मीठो हुन्छ। यो प्रकृति कै नियम हो। आमाले आफ्नो छोरालाई असल कामगर्न आफ्नो वल बुद्धीले भ्याएसम्म प्रेरणा दिने काम नारी शुलभ गुण हो। मागुण नारी भएको हुँदा यो गुण प्रकृति वाटै पाएको छ। यहि वीउलाई मल जल दिई हुर्काई व्यापक वनाएको उहाँ कै अथक परिश्रमको परिणाम हो। बौद्ध सिद्धान्त अनुसार सत्व (जीव) नाम धर्म र रूप धर्म चार महाभूतको संमिश्रण हो।

यहि बौद्ध सिद्धान्तलाई आफै अन्वेषण गरी आफ्नै अनुभवबाट थाहा पाउन गृह त्याग गरी श्राविका वनेका मां गुण यस क्षेत्रमा कति सफल भयो हामीले अन्दाज लगाउन सक्दैनौ। चेतनालाई अशुद्ध बनाउने तत्त्वहरू लोभ, द्वेष, मोह आदी अनेक तत्त्वहरू छन्। यी तत्त्वहरूलाई निगरानीमा राखी नियन्त्रण गर्न सकेको कुरामा हामी विश्वस्त छौं।

स्वजन, स्वदेश त्याग गरि बौद्ध दर्शनकै अन्वेषण गर्न नेपाल जस्तो टाढाको अनजान देशमा वस्न सक्नु



Downloaded from http://www.dhamma.digital

उहाँको लोभ, द्वेष, मोह आदी अशुभ तत्त्व माथिको नियन्त्रण हो भनि जान्न कथिन काम भएन । बुद्धले देखाएको चार आर्य सत्य मध्ये, दु:ख सत्य र समुदय सत्य दैनिक रूपमा भोगी आएकोले अनजान कुरा भएन । बुझ्न नसकेको सत्य दु:ख निरोध सत्य र निरोध गामिनी मार्ग सत्य हो । बौद्ध दर्शनको अन्वेषकहरू बाट सिकाएको कुरा दु:ख आउने वाटोको जानकारी पाउने ज्ञान हो । दु:ख आउने वाटो आफैले अति प्यारो गरी संभाली आएको आफ्नो शरीर संगै टांसी रहेको ६ वटा ईन्द्रियहरू हुन् ।

(१) मनपर्ने वस्तु देख्यो ; त्यो संग टांसी बस्न खोज्दा कर्म गर्नु पऱ्यो; कर्म संग फल देह संग छाया जस्तै आउने नै भयो, अकुसल कर्मले दु:ख आउने भयो ।

(२) सुमधूर वचन सुन्यो; त्यो संग घुलमिल गरी बस्न खोज्दा कर्म गर्न पऱ्यो । अकुसल कर्मले दु:ख नै ल्यायो ।

(३) सुगन्धित वासना सुँघ्यो; त्यसै संग डुबी वस्न कर्म गर्नु पऱ्यो । अकुशल कर्मले दु:ख नै दियो ।

(४) मनमोहक स्पर्श प्राप्त भयो; त्यसैमा लट्ठ भै वस्न कर्म गर्नुपऱ्यो । अकुशल कर्मले दु:ख वोलायो ।

(५) सुस्वादिष्ट खाना खायो; त्यसैमा रमाई वस्न कर्मगर्नु पऱ्यो । अकुशल कर्मबाट दु:ख नै उब्जायो ।

(६) ज्यादै डरलाग्दो भवचक्रको उत्थान अविद्या वा अज्ञानले अतितको अनुभवलाई मनमा संचय गरी राख्यो; यसले तृष्णाको उत्पत्ति गरायो । यहि तृष्णाले आफु वाहेक अरूलाई सम्झ्यो । यो अशान्तिको कारण वन्यो ।

मागुण नेपाल आउँदा वस्ने राम्रो प्रवन्ध छैन । चीसो छिंडिमा वास वस्नु पऱ्यो । खानाको राम्रो प्रवन्ध छैन; जे जस्तो पायो त्यसैमा जिउनु पऱ्यो । त्यस बेलामा पनि उहाँले स्वदेश फर्कने चाहना गर्नु भएन । त्यसलाई त्याग नभनि सुखै छैन । ३५ वर्ष सम्मको उहाँको नेपाल वसाईमा सवै प्रति मैत्री चित्त वनाई नै रह्यो । यहि मैत्री चित्त सवैको लागि अनुकरणिय हुनु पऱ्यो । सवैमा मैत्री चित्त उत्पन्न गर्न प्रेरणा मिलोस, यहि कामना गर्दछु ।

बुद्ध धर्ममा कार्य कारण धर्मको सम्वन्धलाई सवैले वुझ्ने गरी देखाएको छ । मागुणमा यसरी मैत्री चित्त उत्पन्न गर्ने क्षमताको कारण उहाँले विपश्यना ध्यान गरेको अथक परिश्रम हो । बुद्धले इन्द्रिय संयम गरी कुशल चित्त वृद्धी कै लागी विपश्यना ध्यानको वाटो सिकाउनु भएको हो । यो ध्यानको अभ्यासले सवै मानिस होशियारी भै आफुले गर्न सकेको काम कुशल हो ? वा अकुशल हो ? भनि छुत्याउन सक्ने प्रज्ञा उत्पन्न हुन्छ ।


वुद्ध कालिन समयमा यो ध्यान गर्ने तरीका ज्यादै प्रचार प्रसार भएको थियो । ध्यानको अटुट अभ्यास गर्ने मानिसहरू धेरै भएकोले ईन्द्रिय संयम गर्न सक्ने मानिसहरू प्रशस्त थियो । वीसौं सताव्दी सम्म केहि वर्मी ध्यानका अभ्यासीहरू वाट यसलाई वीउको रूपमा बनाई राखेको देखिन्छ । आज ध्यान अभ्यास गर्ने व्यक्तिहरू क्रमशः वढ्दै गएको पाइन्छ ।

यहि ध्यान सिकेर निरन्तर मेहनत गरी अभ्यास गर्ने मानिसहरूको समूहमा मागुण पनि पर्नु हुन्छ ।

यहि ध्यानको वलले मागुण लोभलाई त्यागले नियंत्रण गर्ने, द्वेषलाई मैत्री चित्तले जित्ने; र अज्ञानको भ्रमलाई प्रज्ञाको प्रकाशले हताउने प्रयास गरी रहेकी हुनुहुन्छ । तसर्थ उहाँ एक जना आर्य पुद्‌गल हुनुहुन्छ भन्ने कुरामा अनुमान गर्न सकिन्छ । ■

*प्रस्तुत कर्ता*- **हिराकाजी शाक्य**

## प्रज्ञावती गुरुमां दिवंगत हुनुभयो




बौद्ध ऋषि महाप्रज्ञा आश्रममा रहँदै आउनुभएकी श्रद्धेय प्रज्ञावती गुरुमां २०७५ साल चैत्र २९ गते ११:३९ बजे दिवंगत हुनुभयो ।

वि.सं. १९९३ श्रावण महिनामा माता बुद्धिमाया डंगोल र पिता अष्टमान डंगोलको कोखबाट जन्मनुभएकी चैत प्रभा डंगोल वि.सं. २०५८ जेठ १४ गते प्रव्रजित हुनुभई प्रज्ञावती गुरुमां हुनुभएको थियो । उहाँलाई कर्णदीपमा भन्ते गुरुमांहरूको उपस्थितिमा चैत्र २९ गते अन्त्येष्टी गरिएको समाचार प्राप्त भएको छ ।



Downloaded from http://www.dhamma.digital

# पूज्य दिवंगत गुरू भिक्षु अश्वघोष महास्थविरको गुणस्मरण



पूज्य गुरु संघनायक भिक्षु अश्वघोष महास्थविर
निधन हुनु भयो २०७५ चैत्र २२ गते १:३० तिर,
अन्नत क्षितिजमा शुनयाकाशमा
हाम्रो एक जून बिलायो
वाच बन्धन सबलाई त्यागी
चीवर धारी एक हरायो ।

९३ वर्षको उमेरमा निश्चल देहको मौन सन्देशले
मेरो मन किन किन बिझायो
जीवन भरको सवथोक मेरो गुरुले
पलभरमै बिसायो ।

कति कति इच्छा मन संगाली
पीर व्यथा देखायो
किन्तु सब ती स्वप्नसरि भो
हाम्रो गुरुलाई कालले जब अपनायो ।

गुरुले जित्नु भयो हामीले हारेका छौं
हराएर धेरै चोटी आफैंलाई खोज्न
अन्धकारमा दियो बालेका छौ
विधीको विधान सम्झेर छिया छिया
यो मुटुलाई बल्ल तल्ल टालेका छौ ।

सम्झेर झस्काउँछन् चैत्र २२ गते औंशीको दिन
आँशुको हरथोपाहरू मात भएर सल्बलाउँछन्
याद भएर तस्वीरहरू नीदहरू खल्वलाउँछन्
हर शुक्रवारहरू मलाई मृत्यु बनेर तर्साउँछन् ।

हामी चेलाहरूले दियौं गुरुको शरीरमा दागबत्ती
नेपाल सरकारले दियो सलामी
चितामा जली जान्छ आगो फर्के मलामी
गुरु खरानी भएर सकिएको हेर्न सकिएन्नी ।

चैत्र २४ गते आकाश पनि रुयो सिमसिमे पानी
उहाँसँग १७ वर्ष बिताएको सम्झना आउँछन्
भिक्षु कोण्डन्य रुय पछि सबैले सकिएन आँशु थाम्न
यो कविता पनि उहाँको सम्झनामा लेखेको नी ।

आज गुरुको अमूल्य गुण सम्झी दुई शब्द चढाएँ समवेदना
जगको नियम हो आउनु जानु सोही बाटो पछयायो
आफ्नो श्रमको मूल्य लिएर संघनायक अश्वघोष
महास्थविर सदा-सदा लाई बिदा माग्नु भयो ।

यही रहेछन् दु:खीत घडीको समवेदना
श्रद्धा-सुमन सश्रद्धा निर्वाणको कामना
गुरु प्रति सदा-सदा वन्दना दुईहात अन्जुली
यही दुई शब्द चढायौं श्रद्धान्जली

✍ **भिक्षु गौतम स्थविर** 'शिशिर'
*श्रीघः विहार संरक्षक, मगधबुद्ध विहार*



Downloaded from http://www.dhamma.digital

# दो गुणवती गुरूमांयात लुमंका:



भगवान् बुद्धया जन्मभूमी नेपा: ख:सा
कर्म भूमी भारत ख:
दो गुणवती गुरुमांया जन्मभूमी वर्मा ख:सा
बछिं मल्याक कर्मभूमी ला नेपा: हे ख:

जीवनया अमूल्यगु ३५ दँ तक्क नेपालय् बिज्याना:
धर्मप्रचार याय्गुली गुहाली याना बिज्या:म्ह
छ:पिं धम्मवती गुरुमांया ज्व:मदुम्ह पासा ख:
जिपिं सकसियां मां समानम्ह छ:पिं
'मां गुणवती' गुरुमां ख: ।

गुरुमां छ:पिन्त लुमंकाच्वना
सहनशीलताया प्रतिमूर्ति छ:पिं
न्ह्याक्को मछिंगु परिस्थिति व:सां
सह:याना बिज्याइम्ह छ:पिं
मां गुणवती गुरुमांयात वन्दना

सकलनाप मैत्री भाव तया:
करुणा बिलिबिलि जा:गु नुगलं
जिपिं खना: लय्लय् ताया बिज्याइम्ह छ:पिं
गल्ति याइपिन्त नं उपेक्षा भाव याना बिज्याइम्ह
छ:पिं गुरुमां चतुर्ब्रह्म विहार गुणं युक्तम्ह

गुरुमां छ:पिं गुणया खानी
गुबलें ल: खालि मजूगु बुंगा:चा थें
हस्तकलां नं परिपूर्णम्ह छ:पिं
जिमित शील्प स्यनाबिज्याइम्ह
मां गुणवती गुरुमांयात वन्दना

गुरुमां छ:पिं गुलि गुणवती
नांयात ल्व:गु व्यवहार छ:पिनिगु
लुमंके मात्रं हे मन आनन्द जुइगु
शब्दं मखु व्यवहारं हे जिमित
व्यवहारिक शिक्षा स्यना बिज्याइम्ह

न्ह्याम्ह खंसां मुसुक्क न्हिला: 'म्हं फुला ?'
धका: नाइसे च्वंगु शब्दं न्यना बिज्याइम्ह
थौं छ:पिं नाप मदुसां लुमन्ति ला नापं हे दु
छ:पिनि कीर्ति नापं दु, छ:पिनि योगदान नांप दु ।
छ:पिनि पुण्य स्मृति सुगति व निर्वाण कामना सदां
सदां ।

✍ **अमीर कुमारी शाक्य**

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| क्र.सं. | २०७५ साल | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|---|
| १ | फागुण २० गते, विहिवार, अष्टमी | वण्णवती | वण्णवती |
| २ | चैत्र १ गते, शुकवार, संक्रान्ति | सुवण्णवती | सुवण्णवती |
| ३ | चैत्र ७ गते, विहिवार, फागु पूर्णिमा | अमता | धम्मवती |
| ४ | चैत्र १४ गते, विहीवार, अष्टमी | अमता | अमता |
| ५ | चैत्र २२ गते, शुक्रवार, औंशी | पञ्ञावती | धम्मवती |



Downloaded from http://www.dhamma.digital

# बुद्धधर्म एक परिचय-२

✍ इन्द्रनारायण मानन्धर

हामीमा उत्पन्न हुने सम्पूर्ण वेदना र घट्ने सम्पूर्ण घटना हामीले भोग गर्नुपर्ने हाम्रै कर्मकै फल हो, त्यो पनि अनित्य सदा रहिनरहने भनेर जानी बुझी त्यसमा मन पर्ने वा नपर्ने भन्ने केही पनि प्रतिक्रिया नगरी तटस्थ भएर, साक्षी भावले हेरेर मात्र समतामा बस्न जान्नासाथ त्यस क्षण नयाँ संस्कार बन्ने कार्य बन्द हुन जान्छ। त्यस्तो स्थितिमा रहेसम्म चित्तधारालाई क्षण क्षण आहाराको रूपमा नभै नहुने नयाँ संस्कार बन्ने कार्य बन्द भई पुराना संस्कारहरू उखेल्दै निर्मूल पार्नेछ। विपश्यना ध्यान भावनामा बसी नयाँ संस्कार नवनाउन र पुराना संस्कारहरू निर्मूल गर्दै मुक्ति हुन भगवान बुद्धले सिकाउनु भएको उपाय वा युक्ति यही नै हो। यो सार्वजनिक र सर्वकालिक छ। अतः बुद्ध धर्मलाई निम्न ३ तीन दृष्टिबाट हेर्न सकिन्छ –

(१) क्रान्तिकारी –

आफ्नो मालिक आफै हो अरू होइन भन्ने आत्मभावको धारणामा रहने होइन अनात्मको ज्ञान पत्ता लगाउनु भन्ने पापीलाई होइन पापलाई घृणा गर्नु भन्ने जन्मले होइन कर्मले ब्राह्मण वा चाण्डाल बन्दछ भन्ने तथा भवचक्र चलिरहेकोमा धर्मचक्र प्रवर्तन गरी प्रबल परिवर्तन (Drastic change) गरेकोले यी सबैलाई बुद्ध धर्मको क्रान्तिकारी कदमको रूपमा हेर्न सकिन्छ।

(२) सुधारवादी –

धर्म र कर्मको केन्द्र विन्दु ईश्वर होइन हाम्रै चित्त हो भन्ने, हिंसा गर्नु धर्म होइन भन्ने, स्वार्थी हुनभन्दा अरूको सेवा गर्नु धर्म हो भन्ने, मनबाट अकुशल चिताउनु पनि पाप हो भन्ने,सरल जीवन बिताउनु र विकाल भोजन नगर्नु भन्ने पदार्थमा अति नै भरपरी आशक्त बन्ने होइन अनासक्त हुनुभन्ने, गाउँ गाउँ नगर नगर चहारी जन समूहमा धर्म उपदेश गर्नु भन्ने प्रगतिको लागि अघि बढ पछि नहट भन्ने हिंसात्मक र ध्वंशात्मक अस्त्रको होडबाजी छाडी मैत्री र प्रज्ञाको अस्त्र बृद्धि गरी विश्वशान्ति कायम गर्नु भन्ने आदि बुद्ध धर्मको सुधारवादी कदमको रूपमा हेर्न सकिन्छ।

(३) विशेषता र मौलिकता –

चतुआर्यसत्य, आर्य अष्टाङ्गिक मार्ग, प्रतीत्य-समुत्पाद नय (Law of dependent origination) पट्ठान नय (Law of conditional Relations) लोकोत्तर धर्म र यसमा पाइला चाल्न अभ्यासको लागि सिकाउनु भएको विपश्यना ध्यान भावना, उक्त भावनाको माध्यमबाट देखिने त्रिलक्षण स्वभाव (अनित्य, दुःख र अनात्म) तथा प्रज्ञाको माध्यमबाट क्लेशको समाप्ति र तृष्णाको निर्मूल गरी साक्षात्कार गर्ने निर्वाणलाई बुद्ध धर्मको विशेषता र मौलिकताको रूपमा हेर्न सकिन्छ।

सबै बुद्धहरूको उपदेश संक्षिप्तमा "अकुशल धर्मवाट टाढा रहनु , कुशल धर्म वृद्धि गर्नु र मन शुद्ध गर्नु" हो। त्यसै क्रममा गौतम बुद्धका सारा उपदेशको संक्षिप्तीकरण गरी एक वाक्यमा भन्ने हो भने" प्रत्येक क्षण अप्रमादी जागरूक भई बस्नु र लोकोत्तर धर्मको लागि सदा अघि वढ पछि नहट" भन्ने हो। वास्तवमा हाम्रो चित्तबाट लोभ, द्वेष र मोह हटाई चित्त शुद्ध पारी मुक्ति पाउन सही तरिकाले गरिने हाम्रो सम्पूर्ण कार्य संक्षिप्तमा बुद्ध धर्म हो।

*साभार- "बुद्ध चित्त व विपस्सना विषयय् इन्द्रनारायण मानन्धर"*
*सम्पादक- भिक्षु सुदर्शन महास्थविर*

## आँखा दान र छाला दान जन चेतना कार्यक्रम

*२०७५ चैत्र ३० गते, शनिवार*

यस दिन धर्मकीर्ति विहार संरक्षण कोष र नेपाल आँखा दान समाज एवं नेपाल छाला बैंकको संयुक्त आयोजनामा धर्मकीर्ति विहार धम्महलमा आँखा दान र छाला दान सम्वन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त जनचेतना कार्यक्रमले थुप्रै व्यक्तिहरूले आँखा दान र छाला दान गर्नुको ज्ञानवर्द्धक चेतना प्राप्त गर्न पाएकोमा खुसी व्यक्त गरेका छन्।



Downloaded from http://www.dhamma.digital

# "बुद्धकालीन नेपाली विश्वकोश" को बिक्री वितरण सुभारम्भ




धर्मप्रेमी सबैमा छुटाउनै नहुने सदा सङ्ग्रहणीय एवं पठनीय ग्रन्थ "**बुद्धकालीन नेपाली विश्वकोश**" यस वीर-पूर्ण पुस्तक संग्रहालयबाट बिक्री वितरणको प्रारम्भ भएको सहस्र जानकारी गराउँदछौं ।

आजभन्दा साढे चारदशकअघि आचार्य डा. अमृतानन्द महास्थविरबाट बुद्धवचन त्रिपिटकमा आधारित व्यक्ति, पात्रका आधारमा प्रणीत गर्नुभएका बुद्धकालीन ग्रन्थहरू हाल बजारमा उपलब्ध नभएकोले हामीबाट **बुद्धकालीन नेपाली बिश्वकोश** नामाङ्कन गरी पाठकहरू समक्ष ल्याएका छौं, जुन नेपाली भाषालगायत बिश्वका कुनै पनि भाषामा समेत आजसम्म पुस्तक लेखिएका छैनन् ।

यस्ता विश्व कोशको अध्ययनबाट सक्कली नक्कली कुरामा वा अनावश्यक भ्रम वा विश्वासमा वा कसैको स्वार्थ वा बहकाउममा अल्भिन नपरी आफ्नो जीवन व्यर्थमा गुमाउन वा भड्कनबाट जोगिन सकिनाका साथै परियत्ति शिक्षा अध्ययन र अभ्यासका लागि र धर्ममा स्वावलम्बी बन्न जीवन उपयोगी हुन्छ नै, त्यसका साथै आफू लगायत आफ्ना सन्ततिलाई समेत अन्धधर्म वा अन्य धर्ममा विस्तारै नजानिंदो तरिकाले लागिरहनुबाट समेत जोगाउन सकिनेछ ।

यस्ता जीवनमा बहु उपयोगी विश्वकोश पुरै ग्रन्थसेट तेऱ्ह हजार बढि पृष्ठको २७ थानको सेट पुस्तकको मूल्य १०,०००/- निर्धारित छ । परन्तु सुभारम्भ बिक्री वितरणमा २०% छुट मा रु. ८,०००/- मा धमाधम बिक्री हुँदैछ । हाल १३ थानको पहिलो खेपको सेट बुझ्न हुँदा पूरा मूल्य अग्रीम बुझाउनु हुन अनुरोध छ । बाँकी दोस्रो खेप निकट भविष्य (३/४ महिना भित्र) मा उपलब्ध गराइने हुँदा बाँकी सेट पाउनेमा ढुक्क हुनुहोला । आफूलाई पायक पर्ने निम्न एक स्थान मध्येबाट पुस्तक उठाउन हुन हार्दिक अनुरोध गर्दछौं । धन्यवाद ।

अग्रीम नाम लेखाइ सकेकाले समेत अविलम्ब सम्पर्क राख्नु होला । मौकाको सदुपयोग गर्नुहोला ।

**पुस्तकका लागि सम्पर्क व्यक्ति तथा स्थानः**

१. भिक्षु धर्ममूर्ति महास्थविर
आनन्दकुटी विहार, स्वयम्भू, काठमाडौं ।
मोबाइल नं. ९८४१२७७८६०

२. भिक्षु कोण्डन्य, मो. ९८५१०४६१८८
बुद्धविहार, भृकुटीमण्डप, काठमाडौं ।

३. भिक्षु बोधिज्ञान, मो. ९८५११६७५२५
विश्वशान्ति विहार, नयाँ बानेश्वर, काठमाडौं ।

४. अ. अग्गज्ञाणी गुरूमां, मो. ९८४१४६१२२६
अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूल ।

५. मदनरत्न मानन्धर, मो. ९८५१०३००८५
धर्मकीर्ति विहार, श्रीघः, काठमाडौं ।


६. रत्नसुन्दर शाक्य, मो. ९८४१७१९७४४
थालाछैँ, नागपोखरी, भक्तपुर ।

७. दुण्डबहादुर वज्राचार्य, प्रकाशन प्रमुख
वीर-पूर्ण पुस्तक संग्रहालय, गाःबहाल, ललितपुर
मो. ९८४१२१७४२९



Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो







*जन्म :*
वि.सं. १९८३
जेष्ठशुक्ल १५
(18th May 1926)

*दिवंगत :*
वि.सं. २०७५
चैत्र २२ गते, शुक्रवार
(5th April 2019)

# दि. भिक्षु अश्वघोष महास्थविर

धर्मकीर्ति मासिक पत्रिकाका प्रधान सम्पादक, अखिल नेपाल भिक्षु महासंघका छैठौं संघनायक, "अग्गमहासद्धम्मजोतिकधज" पूज्य भिक्षु अश्वघोष महास्थविर ९३ वर्षको उमेरमा काठमाडौं स्थित ग्राण्डी इन्टरनेशनल अस्पताल टोखामा उपचाररत अवस्थामा दिवंगत हुनुभयो ।

बुद्ध शासन चिरस्थायी कार्यमा अतुलनिय योगदान पुऱ्याउनु भएका उहाँको अमूल्य योगदानलाई कदर गर्दै उहाँको पुण्य स्मृतिमा पुण्यानुमोदन गरी श्रद्धाञ्जली अर्पण गर्दछौं र सुगति सहित निर्वाण कामना गर्दछौं ।

## धर्मकीर्ति पत्रिका परिवार

धर्मकीर्ति विहार, श्रीघः नःघः



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## धम्मपद– बुद्धवग्ग

*२०७५ साल चैत्र १६ गते शनिवार*
*प्रवक्ता- देवकाजी शाक्य*
*प्रस्तुती- राज भाइ तुलाधर*

**न कहापणवस्सेन, तित्ति कामेसु विज्जति ।**
**अप्पसादा दुखा कामा, इति विञ्ञाय पण्डितो ॥**

सुनको सिक्काहरूको वर्षा भए पनि मानिसको काम तृष्णाहरू तृप्त हुंदैनन् । पण्डितहरू यो कुरा जान्दछन् कि काम तृष्णाले थोरै सुख दिन्छ तर धेरै दुष्परिणाम नै निम्त्याउँछ ।

**अपि दिब्बेसु कामेसु, रतिं सो नाधिगच्छति ।**
**तण्हक्खयरतो होति, सम्मासम्बुद्धसावको ॥**

काम तृष्णाको दोषलाई जानेर भगवान बुद्धका श्रावकहरू स्वर्गको दिब्य सुखको पनि इच्छा गर्दैनन् , वरू उनीहरू तृष्णाबाट मुक्त अवस्था अर्थात् निर्वाणमा रमाउँछन् ।

भगवान बुद्धले उपरोक्त गाथाहरू एकजना तरूणो भिक्षुको सन्दर्भमा भन्नुभएको थियो जो सांसारिक लोभको कारणले भिक्षु जीवनबाट फेरि गृहस्थ जीवनमा फर्कन चाहेको थियो । जेतवन विहारमा वसिरहेको सो भिक्षुलाई एकदिन उसको आचार्यले अध्ययन गर्नको लागि अर्को विहारमा पठाए । उ अर्को ठाउँमा गइरहेको वेला उसको बाबुको देहान्त भयो । उ फर्केर आउँदा उसको काकाले उसलाई भनेर उसको बाबुले छोडेर गएको एक सय कार्षापनको वारेमा भन्यो । पहिला त उसले मलाई पैसाको केही आवश्यकता छैन भन्यो । तर पछि गृहस्थ जीवनमा फेरि फर्कन पाए हुन्थ्यो भनेर इच्छा गर्न थाल्यो । भिक्षु जीवनमा उसको रूची घट्दै गयो । यो कुरा थाहा पाएर अरू भिक्षुहरूले उसलाई बुद्धकहाँ लगे । सवै कुरा सुनी सकेपछि बुद्धले सो तरूणो भिक्षुलाई भन्नुभयो, “गृहस्थ जीवनमा तिमीलाई खाना, लुगा, भाँडाकुँडा, हलो, गोरू आदि धेरै कुराहरूको आवश्यकता हुनेछ जसलाई किन्न एकसय कार्षापनले पुग्दैन । केही गरी पुगी हालेपनि फेरि अरू कुराहरूको आवश्यकता हुनेछ । मानिसहरूले आफ्नो इच्छा आकांक्षाहरू सवै कहिल्यै पूर्ति गर्न सक्तैनन्, चक्रवर्ती राजा नै भए पनि सक्तैन । किन भने उनीहरूको चाहानाहरू असिमित हुन्छन् ।” त्यसपछि भगवानले माथिको गाथाहरू व्यक्त गरेर उपदेश दिनु भयो र उपदेशको अन्तमा सो भिक्षु श्रोतापन्न भयो । ●

## विषयः दीघनिकाय (ब्रह्मजाल सूत्त)

*२०७५ फागुन ११ गते*
*प्रवचिका- श्रीमती उर्मिला ताम्राकार*
*प्रस्तुती- मिनरवती तुलाधर*

यसदिन श्रीमती उर्मिला ताम्राकारले सुत्तपिटक अन्तर्गत दीघ निकायको प्रथम आरम्भिक सूत्र ब्रह्मजाल सूत्रको विषयमा बताउनु भएको थियो । यस सूत्रमा ६२ प्रकारका मिथ्यादृष्टि समावेश भएका छन् । यो ब्रह्मलाज सूत्र अत्यन्त महत्वपूर्ण भएको सूत्र हो । दीघनिकाय ग्रन्थमा जम्मा ३४ वटा सूत्रहरू छन् । यो तीनवटा वर्गमा विभाजित गरेका छन् । ती हुन्–

(१) शीलस्कन्ध वर्ग – शील,समाधि, प्रज्ञा
(२) महावर्ग – महासतिपट्ठान सूत्र, जनवसभ सूत्र
(३) पाथिक वर्ग – पाथिक सुत्तवाट प्रारम्भ भएकोले पाथिक वर्ग भएको थियो ।

एकदिन भगवान बुद्ध भिक्षुसंघ सहित राजगृह र नालन्दाको राजमार्गको विच वाट गइरहनु भएको बेलामा सुप्पिय परिब्राजक आफना चेला ब्रह्मदत्त मानवका साथ उहाँको पछि जानु भएको थियो । त्यस बेला सुप्पियले बुद्ध धर्म र संघको निन्दा गर्दै थियो भने उसैको चेलाले त्रिरत्नको प्रशंसा गर्दै थियो । यस विषयमा भिक्षुहरूको विचमा कुराकानी चल्न थाल्यो । पछि भगवान बुद्धले भन्नुभयो कसैले बुद्ध, धर्म संघलाई निन्दाचर्चा गर्दैमा नरिसाउनु बरू सत्य, असत्यलाई छुत्याउनु पर्छ । त्यस्तै प्रशंसा गर्दैमा पनि आनन्द, मक्ख पर्नु हुँदैन । शीलको कारणले मात्र तथागतलाई प्रशंसा गरेको भए निम्नकोटीको प्रशंसा हुनेछ ।

ब्रह्मजाल सूत्र– ६२ प्रकारका (मिथ्या दृष्टि)

(१) अतीत पूर्वान्त कल्पित वादी – पूर्व अनुभवको आधारमा सिद्धान्त बनाउनेलाई पूर्वान्त कल्पित वादी भनिएको थियो ।

(क) पूर्वान्त कल्पित वादी – १८ वटा धारणालाई ५ वटा मतमा सीमित गरी राखेको थियो । ती हुन–
(ख) शाश्वतवादी – आत्म अमर हो भन्ने चार थरी शाश्वतवादीहरू
(ख) आशिंक शाश्वतवादी – ईश्वर अमर हुन्, हामी मात्रै नाशवान् हो भन्ने चार थरी आंशिक शाश्वतवादीहरू
(ग) अन्तानन्तवादी – लोकका बारेमा कल्पना गर्ने चार थरीका अन्तानन्त वादीहरू



Downloaded from http://www.dhamma.digital

(घ) अमरा विक्षेपवादी – यस्तै नै हो भन्ने निश्चित गर्न नसक्ने चारथरी अमरा विक्षेपवादीहरू

(ङ) अधिच्चसमुप्पन्नवादी – आत्मा र लोक विना कारणले श्रृजना भएका हुन् भन्ने दुई थरीका अकारणवादीहरू

२. भविष्यमा हुने कुराको आधारमा सिद्धान्त बनाउने अपरान्तवादी भनिन्छ । यसमा ४४ वटालाई ५ वटा मतमा सीमित गरी राखेको थियो ।

(क) उद्धमाघातमिका संज्ञावादी – १६ थरी

(ख) असंञ्ञावादी (असंज्ञावादी) – ८ थरी

(ग) नैवसंज्ञानासंज्ञावादी – ८

(घ) उच्छेदवादी – ८ थरी

(ङ) दृष्ट धर्म निर्वाणवादी – ४ थरी

जम्मा = ४४

(घ) उच्छेदवादी – नाष्टिकवादी, पूर्वजन्म, पुनर्जन्मलाई विश्वास नगर्ने ।

र्स्पशको कारणलेमात्र आँखा + रूपसंग सम्पर्क राख्दा आँखाले देखिन्छ । वेदनाको कारणले. तृष्णा हुन्छ । तृष्णाको कारणले उपादान हुन्छ । उपादानको कारणले भव हुन्छ, भवको कारणले जरा, मरण, शोक, परिदेव, दुख, दोमनस्य, उपायास हुन्छ ।

# पुज्य दो गुणवती गुरूमांको पुण्य स्मृतिमा श्रद्धाञ्जली सभा सम्पन्न




*वि.सं. २०७५ चैत्र २२ गते शुक्रवार*
*धर्मकीर्ति विहार धम्महल ।*

पूज्य दो गुणवती गुरूमां ९३ वर्षको उमेरमा वर्मामा २०७५ चैत्र १४ गते अष्टमी विहीवारका दिन दिवंगत हुनुभयो । उहाँको पुण्यस्मृतिमा धर्मकीर्ति संरक्षण कोषले चैत्र २२ गते शुक्रवार श्रद्धाञ्जली सभाको आयोजना गरिएको थियो ।

धर्मकीर्ति संरक्षण कोषका सहकोषाध्यक्ष अरू सिद्धि तुलाधरले संचालन गर्नुभएको उक्त कार्यक्रम भिक्षुणी धम्मवतीको सभापतित्त्वमा र भिक्षु कौण्डञ्ञको प्रमुख अतिथित्त्वमा सम्पन्न भएको थियो ।


स्यानमार राजदूतवासका First Secretary, सांसद कृष्ण गोपाल श्रेष्ठ, धर्मकीर्ति संरक्षण कोषका पदाधिकारीहरू लगायत अन्य गण्यमान्य व्यक्तिहरूको पनि उपस्थिती रहेको उक्त कार्यक्रममा धर्मकीर्ति अध्ययन गोष्ठीमा सचिव लोचनतारा तुलाधरले दिवंगत दो गुणवती गुरूमांको परिचय र योगदान विषयमा विश्लेषण गर्नुभएको थियो ।

दिवंगत दोगुणवती गुरूमांको तस्विर अगाडि भिक्षु कोण्डञ्ञ, भिक्षु गौतम, भिक्षुणी धम्मवती लगायत अन्य गुरूमांहरू, माननिय सांसद कृष्ण गोपाल श्रेष्ठ,म्यानमार राजदूतवासका First Secretary, धर्मकीर्ति संरक्षण कोषका पदाधिकारीहरू, आदिवाट दीप प्रज्वलन गरी खाडा र फूलको गुच्छा चढाई श्रद्धाञ्जली अर्पण गरिएको थियो ।

मन्तव्य व्यक्त गर्ने क्रममा भिक्षु कौण्डञ्ञले दोगुणवती गुरूमांले बुद्ध शासन चिरस्थाई गर्नको लागि पुऱ्याउनु



Downloaded from http://www.dhamma.digital



भएको योगदान विषयमा प्रकाश पार्नुभएको थियो ।


यसरी नै धर्मकीर्ति विहारको प्रतिनिधीको रूपमा दोगुणवती गुरूमांको अन्त्येष्टी कार्यक्रममा सहभागी भई म्यानमारबाट फर्कनु भएका वरदेश मानन्धरले अन्त्येष्टी कार्यक्रममा सहभागी हुँदाको क्षणलाई स्मरण गर्नुहुँदै पूज्य दो गुणवती गुरूमांको अविस्मरणिय गुण र योगदान विषयमा चर्चा गर्नु भएको थियो । म्यानमारमा भएको अन्त्येष्ठी कार्यक्रममा धर्मकीर्ति विहारवाट पठाइएको समवेदना सन्देश पनि वरदेश मानन्धरले पढेर सुनाउनु भएको जानकारी प्राप्त भएको थियो ।

यसरी नै पूर्व मन्त्री एवं सांसद कृष्ण गोपाल श्रेष्ठ र वर्मी राजदूतवासका First Secretary आदिले पनि दो गुणवती गुरूमांको योगदान विषयमा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए ।

कार्यक्रमको अन्त्यमा सभापतिको आसनबाट भिक्षुणी धम्मवतीले दो गुणवती गुरूमांले नेपालमा बुद्ध धर्म प्रचार कार्यक्रममा दिनुभएको अमूल्य योगदान विषयमा मन्तव्य व्यक्त गर्नुभई कार्यक्रम समापन गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा दिवंगत दो गुणवती गुरूमांको सुगति एवं निर्वाण कामना गरी पुण्यानुमोदन गरिएको थियो ।

दो गुणवती गुरूमांको अन्त्येष्ठीको दिन २०७५ साल चैत्र १६ गते शनिवारका दिन धर्मकीर्ति विहारको धम्महलमा गुरूमांहरूको समूहबाट सामूहिक परित्राण पाठ गरी उहाँको पुण्यस्मृतिमा सुगति एवं निर्वाण कामना गरी पुण्यानुमोदन गरिएको थियो । ●



*पुण्यानुमोदन गर्नुहुँदै भिक्षुणी धम्मवती गुरुमां*



Downloaded from http://www.dhamma.digital

# छैठौं संघनायक दि. पूज्य भिक्षु अश्वघोष र दि. पूज्य दो गुणवती गुरूमां प्रति श्रद्धाञ्जली अर्पण



*दि. पूज्य भिक्षु अश्वघोष*



*दिवंगत पूज्य दो गुणवती गुरुमां*

*२०७५ चैत्र २९ गते शुक्रवार*
*स्थान- धर्मकीर्ति विहार धम्महल ।*

अखिल नेपाल भिक्षु संघका छैठौं संघनायक दि. पूज्य भिक्षु अश्वघोष महास्थविर र धर्मकीर्ति विहारका सह संस्थापिका दि. पूज्य दो गुणवती गुरूमांको पुण्यस्मृतिमा International Nuns Association ले श्रद्धाञ्जली सभाको आयोजना गरी श्रद्धाञ्जली अर्पण गरिएको थियो ।

अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु मैत्री महास्थविरको सभापतित्त्वमा भिक्षुणी पञ्ञावतीले संचालन गर्नुभएको उक्त कार्यक्रममा भिक्षु मैत्रीले पञ्चशील प्रार्थना गराउनु भएको थियो ।

काठमाडौं महानगरपालिकाका मेयर विद्या सुन्दर शाक्य, उपमेयर हरीप्रभा खड्गी श्रेष्ठ, २५ वडाका वडा अध्यक्ष नीलकाजी शाक्य लगायत विशिष्ट व्यक्तिहरू सहभागी हुनुभएको उक्त कार्यक्रममा दि. पूज्य भिक्षु अश्वघोष महास्थविर र दि. पूज्य दोगुणवती गुरूमांको तस्विरमा विभिन्न महानुभावहरूले खाडा र फूलको गुच्छा अपर्ण गरी श्रद्धाञ्जली व्यक्त गरियो ।

भिक्षु कौण्डञ्ञ महास्थविरले दि. भिक्षु अश्वघोष महास्थविर को व्यक्तित्त्व र कृतित्त्व विषयमा चर्चा गर्नुहुँदै उहाँको अमूल्य गुणहरू प्रस्तुत गर्नुभएको थियो ।



*मन्तव्य व्यक्त गर्नुहुँदै भिक्षुणी धम्मवती गुरुमां*

यसरी नै भिक्षुणी वीर्यवतीले दि. पूज्य दोगुणवती गुरूमांको व्यक्तित्त्व र योगदान विषयमा चर्चा गर्नुहुँदै उहाँको आदर्शलाई शिक्षाको रूपमा लिई आफूलाई सुर्धानु सक्नु नै साँचो अर्थमा श्रद्धाञ्जली अर्पण गरेको ठहरिने मनसाय व्यक्त गर्नुभयो ।

मन्तव्य व्यक्त गर्ने क्रममा भिक्षु राहुल, अनोजा गुरूमां, प्रमुख अतिथी मेयर विद्या सुन्दर शाक्य, उपमेयर हरीप्रभा खड्गी श्रेष्ठ



Downloaded from http://www.dhamma.digital

आदिले दि. भिक्षु अश्वघोष र दि. दो गुणवती गुरूमांको योगदान विषयमा चर्या गर्नुभएको थियो ।

भिक्षुणी धम्मवती गुरूमांले भिक्षु अश्वघोष र दो गुणवती गुरूमांको बानी व्यवहार, एवं योगदान विषयमा चर्या गर्नुहुँदै हामीले उहाँहरूको आदर्शलाई अनुशरण गर्नुपर्ने विषयमा प्रकाश पार्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा प्रमुख अतिथी का.म.न.पा. का मेयर उपमेयर र २५ वडाका वडा अध्यक्षलाई भिक्षुणी धम्मवती गुरूमांले बुद्ध मूर्तिहरू धम्म उपहारको रूपमा प्रदान गर्नु भएको थियो ।

अन्तर्राष्ट्रिय नन्स एशोसियशनका सहसचिव ञाणवती गुरूमांले धन्यवाद ज्ञापन गर्नु भएपछि अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु मैत्री महास्थविरले दि. भिक्षु अश्वघोष र दि. गुणवती गुरूमांको योगदान प्रकाश पार्नुहुँदै उहाँहरूको पुण्यस्मृतिमा सुगति एवम् निर्वाणको हेतु प्राप्त होस् भन्ने कामना गरी पुण्यानुमोदन गरिएको थियो । ●

## धर्मकीर्ति पत्रिका साधारण सदस्यता नवीकरण सम्वन्धी सूचना

**वि.सं. २०७६ साल जेठ महिनाको बुद्ध पूर्णिमा देखि धर्मकीर्ति पत्रिकाले वर्ष ३७ अङ्क १ मा प्रवेश गर्दैछ । पत्रिकाको वार्षिक ग्राहकहरूबाट यस पत्रिकाको साधारण सदस्यता समयमा नै नवीकरण गराउनुभई वर्ष ३७ का सबै अङ्कहरू प्राप्त गरी सहयोग गरिदिनुहुन अनुरोध गरिएको छ ।**

**वार्षिक ग्राहक शुल्क रु. १००/- नै कायम गरिएको सूचना पनि जानकारी गराइएको छ ।**


**धर्मकीर्ति पत्रिका, धर्मकीर्ति विहार**

श्रीघः नःघः, काठमाडौं, नेपाल

## धर्मकीर्ति पत्रिकालाई चन्दा सहयोग

**दाता पूर्णमान शिल्पकारले उहाँको दिवंगत पितृहरूको पुण्यस्मृतिमा धर्मकीर्ति पत्रिकालाई रु. १५००/- चन्दा सहयोग प्रदान गर्नुभएको छ । धर्मकीर्ति पत्रिकाले यस सहयोगलाई साधुवाद व्यक्त गर्दै उहाँको आयु आरोग्य कामना गरेको छ ।**

## अश्वघोष भन्तेया लुमन्ति !



भन्ते ! छःपिं मन्त हं थ्व मनुष्य जगते
आः जिमित न्वाना बिज्याई मखुत
निरीह जुयाच्वना थन जिपिं
छःपिन्त स्वयागु स्वयां जुल छुयाय्
लाःहि पाःगु मखना जिं
सद्यान्त छःपिं दयनाच्वंगु भाःपिया
अय्नं छःपिन्त सित धाल जगतं
गथे सीगु सशरीर दहे दनि
सदां थें दयनाः दनावाई धयागु आशा
यक्को दयनाच्वंगु भाःपाःच्वना जिं
अनिच्चावत संखाराया सः ध्वयाच्वन
अय्नं पत्याः मजुया जि छःपिं मन्त धकाः
हाःसः ख्वसः मदु मौनता लकसय् न्यनाच्वन
भन्ते ! छःपिनि नाता कुतुम्ब दयाःहे
अल्याख मनूत दीपय् मुन अन्तिम बिदा बीत
छःपिनिगु नस्वर शरीर भष्म यायत ।
म्हिगः दुम्ह थौं मन्त हं
गनं वल ? गन वन ?
छुं छुं हे मसिल जिं
जिगु मनं धयाच्वन अश्वघोष भन्ते दनि ।
म्वानाहे च्वंगु दु छःपिं भन्ते
नश्वर शरीर जक मन्त
अय्नं थ्वीके मफु थ्व मनं
निर्वाणया हेतु प्राप्त ज्वीमा छःपिन्त
वस ! थुलिहे जक फ्वना जिं
नां नं दनि छःपिनिगु ज्या नं दनि
भौतिक शरीरया व्यक्ति मन्त
मन्त मन्त भन्तेया शरीर मन्त !

– **अमृतमान शाक्य भिक्षु,** इतुम्बहाः



Downloaded from http://www.dhamma.digital

# छैठौं संघनायक भिक्षु अश्वघोष महास्थविरको राजकीय सम्मानका साथ दाह संस्कार सम्पन्न



*दिवंगत भिक्षु अश्वघोषको पार्थिव शरीरमा नेपालको राष्ट्रिय झण्डा ओढाउनु हुँदै सम्माननीय प्रधानमन्त्री के.पि. शर्मा ओली*

*२०७५ चैत्र २४ गते, कर्णदीप, काठमाडौं*

नेपालका छैठौं संघनायक, अग्गमहा सद्धम्म जोतिक धज भिक्षु अश्वघोष महास्थविर २०७५ चैत्र २२ गते शुक्रवार दिउँसो १:३० बजे उपचाररत अवस्थामा ग्राण्डी इन्टरनेशनल अस्पताल टोखामा ९३ वर्षको उमेरमा दिवंगत हुनुभयो ।

ललितपुर ओकुवहाल निवासी आमा लक्ष्मीमाया शाक्य र पिता चन्द्रज्योती शाक्यको कोखबाट वि.सं. १९८३ मा जन्मनु भएका उहाँ सन् १९४४ मा कुशीनगरमा उ. चन्द्रमणी महास्थविरको उपाध्यायत्त्वमा तथा भिक्षु अमृतानन्दको आचार्यत्त्वमा श्रामणेर अश्वघोष नामले प्रव्रजित हुनुभयो । यसरी नै दक्षिणी श्रीलंकाको मातरमा अवस्थित महामहिन्द्र परिवेणका प्रधानाचार्य धर्मकीर्ति श्री धम्मावास नायक महास्थविरको उपाध्यत्त्वमा १ मई १९४९ का दिन उपसम्पदा दीक्षा प्राप्त गरी पूर्ण रूपमा भिक्षु हुनुभयो ।

दिवंगत भिक्षु अश्वघोषको पार्थिव शरीरलाई अन्तिम श्रद्धाञ्जली व्यक्त गर्नको लागि दुईदिन क्षेत्रपाटी ढल्को स्थित संघाराम विहारमा राखिएको थियो

आइतबार बसेको मन्त्रि परिषदको आकस्मिक बैठकले बुद्ध धर्मको माध्यमबाट मुलुकमा शान्ति स्थापना लोकतन्त्र र लुम्बिनी विकासमा पुऱ्याउनु भएको योगदानको कदर गर्दै दिवंगत भिक्षु अश्वघोषलाई विशेष राजकीय सम्मान दिने निर्णय गरेको थियो ।

संघाराम भिक्षु तालिम केन्द्रमा उहाँको पार्थिव शरीरलाई अन्तिम श्रद्धाञ्जली व्यक्त गर्नुहुँदै प्रधान मन्त्री केपी शर्मा ओलीले राष्ट्रिय झण्डा ओढाउनु भयो । आफ्ना धर्मपत्नी राधिका शाक्य सँगै संघाराम विहारमा आउनु भएको प्रधानमन्त्री ओलीले २०४६ सालको जन आन्दोलन पछि नै उहाँले भिक्षु अश्वघोषलाई चिनेको विषयमा बताउनु हुँदै उहाँको योगदानलाई कदर गर्दै सरकाले विशेष राजकीय सम्मान दिने निर्णय गरिएको जानकारी दिनुभयो ।

श्रद्धाञ्जली व्यक्त गर्ने क्रममा पूर्व उपप्रधानमन्त्री एवं नेकपाका महासचिव विष्णु पौडेल, पूर्व उपप्रधानमन्त्री नेपाली काँग्रेसका नेता प्रकाशमान सिंह, उर्जा मन्त्री वर्षमान पुन, संघिय सांसद कृष्ण गोपाल श्रेष्ठ, सांसद भिमसेन दाश प्रधान, प्रदेश ३ का सदस्य ज्ञानेन्द्र शाक्य जीवन डंगोल, शोभा शाक्य, विना श्रेष्ठ काठमाडौं महानगर पालिकाका मेयर विद्या सुन्दर शाक्य, विश्व हिन्दु संघका अध्यक्ष दामोदर गौतम, म्यानमारका राजदूत र श्रीलंकाका राजदूत, प्रमुख जिल्ला अधिकारी राम प्रसाद आचार्य र महानगरीय प्रहरी परिसर काठमाडौंका प्रमुख वसन्त लामा आदि विशिष्ट व्यक्तिहरू आउनुभई अन्तिम श्रद्धाञ्जली व्यक्त गर्नु भएका थिए ।

दिवंगत भिक्षु अश्वघोषको पार्थिव शरीर चैत्र २४ गते संघारामको इन्द्रायणी घाट, अगाडि निर्मित भवनमा राखी त्यहाँ एक कार्यक्रम संचालन गरिएको थियो ।

अखिल नेपाल भिक्षु महासंघका महासचिव भिक्षु कौण्डञ्जले संचालन गर्नुभएको उक्त कार्यक्रममा दिवंगत भिक्षु अश्वघोषको व्यक्तित्त्व विषयमा प्रकाश पारिएको थियो । उक्त कार्यक्रममा राष्ट्रपति विद्यादेवी भण्डारीले पठाउनुभएको शोक पत्रलाई पूर्व मन्त्री एवं सांसद कृष्ण



Downloaded from http://www.dhamma.digital



*राष्ट्रिय झण्डा ओढाउनु भएपछि श्रद्धाञ्जली अर्पण गर्नुहुँदै प्रधानमन्त्री के.पि. शर्मा ओली*

गोपाल श्रेष्ठज्यूले पढेर सुनाउनु भएको थियो । यसरी नै प्रधानमन्त्री केपी शर्मा ओलीले पठाउनु भएको श्रद्धाञ्जली पत्र पनि कृष्ण गोपाल श्रेष्ठज्यूले नै पढेर सुनाउनु भएको थियो । यसरी नै दिवंगत भिक्षु अश्वघोष महास्थविरको चिर शान्ति कामना गर्दै उहाँको निधन प्रति गहिरो दुःख व्यक्ति गर्दै राजा ज्ञानेन्द्र शाहबाट पनि श्रद्धाञ्जली पत्र पठाएको जानकारी प्राप्त भएको छ ।

दि. भिक्षु अश्वघोषको निधन प्रति दुःख व्यक्त गर्दै वर्मा, थाइलैण्ड, श्रीलंका आदि बौद्ध देशहरूबाट पनि शोक सन्देश पठाइएको जानकारी प्राप्त भएको छ ।

दिवंगत भिक्षु अश्वघोष महास्थविरको निर्वाण कामना गरी यही भवनमा थेरवाद भन्ते गुरूमांहरू महायानी भन्तेहरू लगायत वज्राचार्य गुरूजूहरूको तर्फबाट पाठ गरिएको थियो ।

दिवंगत भिक्षु अश्वघोषको निर्वाण कामना गरी पुण्यानुमोदन गरिएको थियो । यी यावत कार्यक्रमहरू सम्पन्न भएपछि दिवंगत भन्तेको पार्थिव शरीरलाई योगाम्वर मृत्यु गुठीको गुथियारहरूले फूलले सजाइएको कूताः (शब



*सेनाको टुकडीले सलामी अर्पण गर्दै*

राखेर चारजना मानिसले बोकेर लाने एक विशेष बाहन) मा राखेर कर्णदीप तर्फ लगिएको थियो ।

भिक्षु, भिक्षुणी, वज्राचार्य एवं सयौं श्रर्द्धालु उपासक उपासिकाहरू "अनिच्चावत संखारा उप्पादवय धम्मिनो उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो" गाथा पढ्दै मलामी जानुभएका थिए ।

दिवंगत भन्तेको पार्थिव शरीरलाई कर्णदीपको चिहानमा राखिसकेपछि नेपाली सेनाको टुकडीले सलामी अर्पण गरी भिक्षु अश्वघोषको दाह संस्कार गरिएको थियो ।

भिक्षु संघको परम्परा अनुसार संघ उपनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरले भिक्षु अश्वघोषको पार्थिव शरीरलाई दागवत्ति दिनु भयो । सो पश्चात दाग वत्तिदिनेहरूको नामावली यसरी उल्लेख गरिएका छन । भिक्षु अश्वघोषका शिष्यहरू जेष्ठताक्रमानुसार भिक्षु मंगल, भिक्षु भद्दिय, भिक्षु उपतिस्स, भिक्षु सोभित, भिक्षु सध्दातिस्स, भिक्षु कोलित, भिक्षु कौण्डञ्ञ, भिक्षु अशोक, भिक्षु त्रिरत्न, भिक्षु गौतम आदि ।

आनन्दकुटी विहारको तर्फवाट प्रतिनिधि – भिक्षु पञ्ञामूर्ति, अन्तर्राष्टिय भिक्षुणी संघको तर्फवाट – सचिव डा. अनोजा गुरूमां ।


धर्मकीर्ति मासिक पत्रिकाको तर्फबाट – वीर्यवती गुरूमां, संघाराम विहारको तर्फबाट प्रतिनिधि – उपासिका सारदा शाक्य, ध्यानकुटी विहार तर्फबाट प्रतिनिधि – उपासक गौरी मानन्धर, धर्मकीर्ति विहार तर्फबाट प्रतिनिधि – उपासक वरदेश मानन्धर, श्रीघः विहार तर्फबाट प्रतिनिधि – उपासक धन बहादु नकर्मी । दिवंगत भिक्षु अश्वघोषको परिवार तर्फबाट प्रतिनिधि – वेदकुमारी शाक्य आदि ।



Downloaded from http://www.dhamma.digital

# नेपाल बौद्ध परियत्ति शिक्षा २०७५ सालमा सम्पन्न परिक्षामा उत्तिर्ण हुन सफल भएका विद्यार्थीहरूको नामावली र परिक्षा परिणाम

| क्र.सं. | परिक्षार्थीको नामथर | सिम्बल नं | कक्षा | परिक्षा परिणाम |
|---|---|---|---|---|
| १. | सृजना वज्राचार्य | २४२९१ | ६ | बोर्ड प्रथम श्रेणी |
| २. | सृजना शाक्य | २६५४२ | ६ | बोर्ड द्वितीय श्रेणी |
| ३. | तारा महर्जन | ३०५९५ | ५ | डिस्टिङ्कशन |
| ४. | ज्योति बाडे | २१२५४ | ५ | डिस्टिङ्कशन |
| ५. | सरीता सिखाकार | २४७८४ | ५ | डिस्टिङ्कशन |
| ६. | सबिना शाक्य | २४३०४ | ५ | प्रथम श्रेणी |
| ७. | मतिना मानन्धर | ३५३६८ | ५ | प्रथम श्रेणी |
| ८. | नानी केशरी वज्राचार्य | २२८९६ | ५ | प्रथम श्रेणी |
| ९. | करूणा कंसाकार | २४७८३ | ५ | प्रथम श्रेणी |
| १०. | लक्ष्मी सुन्दरी शाक्य | २१२९० | ५ | द्वितीय श्रेणी |
| ११. | दया लक्ष्मी शाक्य | ३५२६७ | ४ | डिस्टिङ्कशन |
| १२. | सुमी शाक्य | ३०६०२ | ४ | प्रथम श्रेणी |
| १३. | दुर्गा देबी उपासिका | २६५१३ | ४ | प्रथम श्रेणी |
| १४. | अनीता शाक्य | ३५२६८ | ४ | दोश्रो श्रेणी |
| १५. | सम्झना शाक्य | ३३३४४ | ३ | डिस्टिङ्कशन |
| १६. | सरीता श्रेष्ठ | ३०५५२ | ३ | डिस्टिङ्कशन |
| १७. | प्रतीमा डंगोल | ३०५७५ | ३ | प्रथम श्रेणी |
| १८. | स्मृति शाक्य | ३०५७६ | ३ | प्रथम श्रेणी |
| १९. | रश्मि शोभा तुलाधर | ३०५६२ | ३ | प्रथम श्रेणी |
| २०. | दक्षता शाक्य | ४२२७ | ३ | प्रथम श्रेणी |
| २१. | नन्द लक्ष्मी तुलाधर | ३०५६१ | ३ | द्वितीय श्रेणी |
| २२. | सोनु वज्राचार्य | ३०५४६ | ३ | द्वितीय श्रेणी |
| २३. | विमला वज्राचार्य | ३३३४३ | ३ | तेश्रो श्रेणी |
| २४. | अंकिता महर्जन | ३०५६५ | ३ | तेश्रो श्रेणी |
| २५. | अनुषा केसी | ३०५८८ | ३ | तेश्रो श्रेणी |
| २६. | शक्ति वज्राचार्य | २२४०८ | ३ | तेश्रो श्रेणी |
| २७. | कुशलावती अनागारिका | ३३३११ | २ | डिस्टिङ्कशन |
| २८. | कुशुमावती अनागारिका | ३३३१२ | २ | डिस्टिङ्कशन |
| २९. | सोनी श्रेष्ठ | ३३३३३ | २ | डिस्टिङ्कशन |
| ३०. | तारा केशरी राजभण्डारी | ३३३३१ | २ | प्रथम श्रेणी |
| ३१. | सजीना शाक्य तुलाधर | ३३३१६ | २ | प्रथम श्रेणी |
| ३२. | श्रृष्टी वज्राचार्य | ३५२६६ | २ | प्रथम श्रेणी |
| ३३. | मीना श्रेष्ठ | ३३३२१ | २ | प्रथम श्रेणी |
| ३४. | आर्या वज्राचार्य | ३३३१७ | २ | द्वितीय श्रेणी |
| ३५. | अनार शोभा कंसाकार | ३३३३६ | २ | द्वितीय श्रेणी |
| ३६. | मैया महर्जन | ३३३२९ | २ | द्वितीय श्रेणी |
| ३७. | समिरा श्रेष्ठ | ३०५५५ | २ | द्वितीय श्रेणी |
| ३८. | प्रनिशा श्रेष्ठ | ३३३३५ | २ | द्वितीय श्रेणी |
| ३९. | मीम देबी शाक्य | ३३३३७ | २ | द्वितीय श्रेणी |
| ४०. | शिब तामाङ्ग | ३३३२६ | २ | तेश्रो श्रेणी |
| ४१. | रीना महर्जन | ३५२६५ | २ | तेश्रो श्रेणी |
| ४२. | रीयान महर्जन | ३३३३४ | २ | तेश्रो श्रेणी |
| ४३. | सीता महर्जन | ३३३३२ | २ | तेश्रो श्रेणी |
| ४४. | अश्मिता लामा | ३५२३० | १ | डिस्टिङ्कशन |
| ४५. | लक्ष्मी शाहि | ३५२५२ | १ | डिस्टिङ्कशन |
| ४६. | सुश्रुषा महर्जन | ३५२४१ | १ | डिस्टिङ्कशन |
| ४७. | अनीला कंसाकार | ३५२४९ | १ | डिस्टिङ्कशन |
| ४८. | रोजीना महर्जन | ३५२४६ | १ | डिस्टिङ्कशन |
| ४९. | आष्मा खातुन | ३५२२४ | १ | डिस्टिङ्कशन |
| ५०. | विकेश महर्जन | ३५२४४ | १ | डिस्टिङ्कशन |
| ५१. | प्रेमा मानन्धर | ३५५६२ | १ | डिस्टिङ्कशन |
| ५२. | रक्षा राय | ३५२३६ | १ | डिस्टिङ्कशन |
| ५३. | कमल केशरी तुलाधर | ३५२४८ | १ | डिस्टिङ्कशन |
| ५४. | शैली ताम्राकार | ३५२३७ | १ | डिस्टिङ्कशन |
| ५५. | रेशमा खातुन | ३५२२२ | १ | डिस्टिङ्कशन |
| ५६. | जीनत खातुन | ३५२२३ | १ | डिस्टिङ्कशन |
| ५७. | दीपिका डिसी | ३५२४५ | १ | प्रथम श्रेणी |
| ५८. | मलीना शाक्य | ३५५५७ | १ | प्रथम श्रेणी |
| ५९. | आरती जैशवाल | ३५२३४ | १ | प्रथम श्रेणी |
| ६०. | कुशल खड्का | ३५२२७ | १ | प्रथम श्रेणी |
| ६१. | रोशनी जैशवाल | ३५२३५ | १ | प्रथम श्रेणी |
| ६२. | शरू तुलाधर | ३५२३८ | १ | प्रथम श्रेणी |
| ६३. | सृजना वज्राचार्य | ३५२२८ | १ | प्रथम श्रेणी |
| ६४. | लक्ष्मी महर्जन | ३५५६० | १ | प्रथम श्रेणी |
| ६५. | सुदिक्षा महर्जन | ३६२६५ | १ | प्रथम श्रेणी |
| ६६. | शिक्षा महर्जन | ३६२६४ | १ | प्रथम श्रेणी |
| ६७. | रजिया खातुन | ३५२२५ | १ | प्रथम श्रेणी |
| ६८. | समीर राउट | ३५२४३ | १ | प्रथम श्रेणी |
| ६९. | नीभा प्रजापती | ३५२५९ | १ | प्रथम श्रेणी |
| ७०. | सहज महर्जन | ३५२६४ | १ | प्रथम श्रेणी |
| ७१. | तिसा तुलाधर | ३५२४० | १ | द्वितीय श्रेणी |
| ७२. | नानी शोभा महर्जन | ३५२६२ | १ | प्रथम श्रेणी |
| ७३. | सिजु तुलाधर | ३५८४१ | १ | द्वितीय श्रेणी |
| ७४. | नेक्सस महर्जन | ३५२५८ | १ | द्वितीय श्रेणी |
| ७५. | रीतिका खड्का | ३५२४७ | १ | द्वितीय श्रेणी |
| ७६. | बिराज मान महर्जन | ३५२५६ | १ | द्वितीय श्रेणी |
| ७७. | लीरा महर्जन | ३५५५९ | १ | द्वितीय श्रेणी |
| ७८. | सचित महर्जन | ३५२६० | १ | द्वितीय श्रेणी |
| ७९. | शारदा शर्मा | ३५२५४ | १ | द्वितीय श्रेणी |
| ८०. | लिजन शाही | ३५२५१ | १ | द्वितीय श्रेणी |
| ८१. | ईशा तुलाधर | ३५२३९ | १ | द्वितीय श्रेणी |
| ८२. | लक्ष्मी महर्जन | ३५२५७ | १ | तेस्रो श्रेणी |
| ८३. | लक्ष्मी महर्जन | ३५२५५ | १ | तेस्रो श्रेणी |
| ८४. | अभिलाषा श्रेष्ठ | ३५५५८ | १ | तेस्रो श्रेणी |
| ८५. | साँच महर्जन | ३५५६१ | १ | तेस्रो श्रेणी |





Downloaded from http://www.dhamma.digital